# विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४

## प्रस्तावना

नेपाल सरकारले सबैका लागि शिक्षा कार्यान्वयन गर्न तथा अन्तरराष्ट्रिय तहमा गरेको प्रतिबद्धता पुरा गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालय उमेरका लक्षित समूहका बालबालिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरेको छ । विद्यालय तहका बालबालिकाहरुलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्ति एकिकृत रुपमा लक्षित वर्गसम्म व्यवस्थित एवम् पारदर्शी तरिकाबाट पुऱ्याउन शिक्षा नियमावली, २०५९(संशोधन सहित) नियम १९२ (ङ) ले प्रदान गरेको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १.१ सङ्क्षिप्त नाम र प्रारम्भ

१.१.१ यो निर्देशिकाको नाम "विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४" रहेको छ ।

१.१.२ यो निर्देशिका शिक्षा मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुने छ ।

१.१.३ यो निर्देशिका नेपाल सरकारवाट अनुमति वा स्वीकृत प्राप्त सबै सामुदायिक विद्यालयको हकमा लागू हुनेछ । साथै संस्थागत विद्यालयहरुबाट प्रदान गरिने छात्रवृत्तिको व्यवस्थापनको हकमा समेत यो निर्देशिका सान्दर्भिक प्रावधानहरु लगू हुनेछन् ।

### १.२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१.२.१ "ऐन" भन्नाले शिक्षा ऐन (संशोधन सहित), २०२८ सम्झनुपर्दछ ।

१.२.२ "नियमावली" भन्नाले शिक्षा नियमावली (संशोधनसहित), २०५९ सम्झनुपर्दछ ।

१.२.३ "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्दछ ।

१.२.४ "विभाग" भन्नाले शिक्षा विभाग सम्झनुपर्दछ ।

१.२.५ "विद्यालय" भन्नाले शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली, २०५९ अनुसार स्थापना तथा सञ्चालन भएका सबै प्रकारका सामुदायिक विद्यालयहरू सम्झनुपर्दछ ।

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

१.२.६ "छात्रवृत्ति" भन्नाले शिक्षा मन्त्रालय, शिक्षा विभाग वा अन्य कुनै सरकारी निकाय तथा राष्ट्रिय/अन्तरराष्ट्रिय निकाय/सङ्घसंस्था वा व्यक्तिबाट विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि तोकिएको आधार/प्रक्रियाबमोजिम प्रदान गरिने नगद रकम, पोसाक, स्टेसनरी, शैक्षिक सामग्री, प्रोत्साहन सहयोग लगायतका अन्य सुविधालाई समेत सम्झनुपर्छ।

१.२.७ "आधारभुत तह" भन्नाले विद्यालयको पुर्व प्राथमिक तह देखि कक्षा आठ सम्मलाई सम्झनुपर्छ।

१.२.८ "माध्यमिक तह" भन्नाले विद्यालयको कक्षा नौ देखि कक्षा बाह्र सम्मलाई सम्झनुपर्छ।

१.२.९ "आवासिय छात्रवृत्ति" भन्नाले छात्रावासमा बसि अध्ययन गर्ने वा सो प्रयोजनको लागि विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्छ।

१.२.१० "गैर आवासिय छात्रवृत्ति" भन्नाले विद्यालयले प्रदान गरेको आवासिय सुविधा उपयोग नगरी नियमित विद्यालयमा अध्ययन गर्न आउने तोकिएका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ।

१.२.११ "तोकिए वा तोकिए बमोजिम" भन्नाले शिक्षा विभागले तोके वा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ।

## परिच्छेद : २

## निर्देशिकाको उद्देश्य

### २. निर्देशिकाको उद्देश्य

यस निर्देशिकाको उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

२.१ छात्रवृत्ति वितरणका लागि स्पष्ट आधारहरू तोकी छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउने।

२.२ विभिन्न सरकारी निकाय, सङ्घसंस्था, व्यक्तिबाट विद्यार्थीका लागि सोझै वा विद्यालयमार्फत उपलब्ध गराइने छात्रवृत्ति रकमलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी सदुपयोग गर्ने।

२.३ छात्रवृत्ति व्यवस्थापन तथा वितरणमा संलग्न हुने संस्था एवम् विभिन्न तहका पदाधिकारीहरुको भूमिका तथा जवाफदेहिता स्पष्ट गर्ने।

२.४ सबै प्रकारका छात्रवृत्ति वितरणमा हुन सक्ने दोहोरोपनाको अन्त्य गर्ने।

२.५ छात्रवृत्ति वितरणको अभिलेख व्यवस्थापन र प्रतिवेदन सम्प्रेषणलाई प्रभावकारी र व्यवस्थित बनाउने।

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद : ३

## छात्रवृत्तिसम्बन्धी संरचनागत व्यवस्था

### ३.१ छात्रवृत्ति व्यवस्थापन निर्देशक समिति

विद्यालयस्तरमा अध्ययनरत विद्यार्थीहरुका लागि प्रदान गरिने छात्रवृत्ति सम्बन्धमा नीतिगत व्यवस्थाको लागि सुझाव प्रदान गर्न केन्द्रीय तहमा देहायबमोजिमको छात्रवृत्ति व्यवस्थापन निर्देशक समिति रहने छ :

| | | |
|---|---|---|
| (क)महानिर्देशक | शिक्षा विभाग | - अध्यक्ष |
| (ख)निर्देशक | शिक्षा विभाग (शैक्षिक व्यवस्थापन महाशाखा) | - सदस्य |
| (ग)उपसचिव | शिक्षा मन्त्रालय (छात्रवृत्ति शाखा) | - सदस्य |
| (घ )उपनिर्देशंक | शिक्षा विभाग (कार्यक्रम तथा बजेट शाखा) | - सदस्य |
| ( ङ )अधिकृत प्रतिनिधि | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | - सदस्य |
| (च)प्रतिनिधि | शिक्षक महासंघ | - सदस्य |
| (छ)प्रतिनिधि | प्याब्सन/एन प्याब्सन -२ जना | - सदस्य |
| (ज) उपनिर्देशक | लैङ्गिक समविकास शाखा | -सदस्य-सचिव |

३.१.१ समितिले बढीमा दुई जनासम्म विशेषज्ञहरु आमन्त्रण गर्न सक्ने छ ।

३.१.२ बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

३.१.३ समितिको बैठक कम्तीमा बर्षको दुई पटक बस्ने छ, आवश्यकता अनुसार अन्य समयमा पनि बस्न सक्नेछ ।

३.१.४ समितिमा छात्रवृत्तिको प्रकृति तथा आवश्यकता अनुसार राष्ट्रिय महिला आयोग, राष्ट्रिय अपाङग महासंघ, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, गृह मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अर्थ मन्त्रालयका अधिकृत प्रतिनिधि समेत आमन्त्रण गर्न सकिनेछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

## ३.४ जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति

३.४.१ विभिन्न स्रोतबाट जिल्लामा प्राप्त छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्य गर्न देहाय बमोजिमको जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति रहने छ :

(क) जिल्ला शिक्षा अधिकारी -अध्यक्ष

(ख) महिला विकास अधिकृत -सदस्य

(ग) जिल्ला विकास समितिबाट स्थानीय विकास अधिकारीले तोकेको अधिकृत -सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयबाट प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत -सदस्य

(ङ) समितिले मनोनित गरेका दलित, जनजाति, अपाङ्गता क्षेत्रमा कार्यरत सङ्घ संस्थाका एक महिला पर्ने गरी ३ जना -सदस्य

(च) जिल्ला तहको शिक्षक महासंघको अध्यक्ष -सदस्य

(छ) प्याब्सन/एन प्याब्सन (जिल्ला) प्रतिनिधि २ जना -सदस्य

(ज) जिल्लास्थित अभिभावक सङ्घ/सङ्गठनका अध्यक्षमध्येबाट समितिले मनोनित गरेको १ जना -सदस्य

(झ) सामुदायिक मा.विका प्रधानाध्यापक मध्येबाट जि.शि.अ. द्वारा मनोनित १ जना -सदस्य

(ञ) स्रोतव्यक्तिहरूमध्ये जि.शि.अ. द्वारा मनोनित १ जना -सदस्य

(ट) लेखाजोखा केन्द्रको संयोजक -सदस्य

(ठ) जि.शि.का.को छात्रवृत्ति कार्यक्रम हेर्ने अधिकृत -सदस्य सचिव

३.४.२ मनोनित सदस्यको पदावधि ३ वर्षको हुने छ।

३.४.३ बैठक तथा कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

३.४.४ समितिले छात्रवृत्ति वितरण प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकतानुसार उपसमिति गठन गरी परिचालन गर्न सक्ने छ।

३.४.५ द्वन्द्वपीडित छात्रवृत्ति तथा द्वन्द्वका कारण अपाङ्ग भएका बालबालिकाका लागि उपलब्ध गराइने छात्रवृत्तिका हकमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट निर्मित कार्यविधि (अनुसूची -९)बमोजिम हुने छ ।

३.४.६ बुदाँ नं ३.४.१ अनुसार जिल्ला तह नरहने अवस्था आएमा स्थानीय तहको शिक्षा हेर्ने निकायको प्रमुखको संयोजकत्वमा निजले मनोनयन गरेको स्थानिय दलित, जनजाति,

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

### ३.२ समितिको काम कर्तव्य र अधिकार

३.२.१ मन्त्रालय अन्तर्गत विभिन्न निकायहरूबाट प्रदान गरिने विभिन्न छात्रवृत्ति कार्यक्रमको नीति निर्माण तथा परिमार्जनसम्बन्धी कार्यको लागि आवश्यक सुझाव दिने र कार्यक्रमहरूको बिचमा समन्वय गर्ने ।

३.२.२ नेपाल सरकारलाई विद्यालय तहमा प्रदान गर्न मित्र राष्ट्रहरुबाट प्राप्त हुने छात्रवृत्तिहरुको सन्दर्भमा मन्त्रालयलाई रायसल्लाह प्रदान गर्ने,

३.२.३ विभिन्न संघसंस्था तथा व्यक्तिबाट विद्यालय तहमा उपलब्ध गराईने छात्रवृत्तिको समन्वय गर्ने ।

३.२.४ छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको लागि सुझाव प्रदान गर्ने ।

३.२.५ छात्रवृत्ति वितरण प्रक्रियाको आवश्यकता अनुसार अनुगमन गर्ने गराउने र सम्बन्धित निकायहरुलाई आवश्यक सुझाव दिने ।

३.२.६ विद्यालय तहमा वितरण हुने छात्रवृत्तिको व्यवस्थापन, वितरण, अभिलेख व्यवस्थापन लगायतका विषयमा विद्यालय, जिल्ला तथा क्षेत्रीय तहमा परेका समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने ।

३.२.७ विद्यालयमा प्रदान गरिने छात्रवृत्तिका प्रकार, वितरण प्रक्रिया तथा आधार लगायतका विषयमा सरोकारवालाहरुलाई जानकारी गराउन सामग्री विकास गर्ने र प्रचारप्रसार गर्न लगाउने ।

३.२.८ छात्रवृत्तिको प्रकार, रकम, वितरण प्रकियालाई समसामयिक बनाउन आवश्यक सुझावहरु उपलब्ध गराउने ।

### ३.३ छात्रवृत्ति व्यवस्थापनका लागि सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले निम्नानुसारका कार्यहरु गर्नेछ

३.३.१ जिल्ला वा स्थानिय तहमा छात्रवृत्ति व्यवस्थापन समितिद्वारा सम्पादन हुने कार्यहरुमा आवश्यक सहजीकरण गर्ने ।

३.३.२ जिल्लाहरुबाट प्राप्त भएका प्रतिवेदनहरुका आधारमा समष्टिगत प्रतिवेदन तयार गरी शिक्षा विभागमा पठाउने ।

३.३.३ जिल्ला वा स्थानिय तहमा प्राप्त भएको छात्रवृत्ति निर्देशिका अनुसार वितरण भए नभएको अनुगमन गरी आवश्यक कारवाही गर्ने र सो को जानकारी शिक्षा विभागमा पेश गर्ने ।

३.३.४ शिक्षा विभागले तोकेको छात्रवृत्ति सम्बन्धी अन्य काम गर्ने ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

महिला, संस्थागत विद्यालयको प्रतिनिधित्व समेत रहने गरी बढीमा सात सदस्यीय समिति गठन गरिनेछ । उक्त समितिले आफ्नो क्षेत्र भित्र जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिले गर्ने सम्पूर्ण कार्य गर्नेछ ।

## ३.५. समितिको काम, कर्तव्य र अधिकार

**जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :**

३.५.१ विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने र सहजीकरण गर्ने ।

३.५.२ छात्रवृत्ति वितरणमा दोहोरोपना हटाउन तथा लक्षित समुहले छात्रवृत्ति पाउने अवस्था सुनिश्चित गर्ने ।

३.५.३ जिल्लास्तरमा एकै दिन छात्रवृत्ति वितरणको व्यवस्था मिलाउने र स्थानीय स्रोत साधनलाई परिचालन गरी व्यापक प्रचारप्रसार गर्ने,

३.५.४ विद्यालयबाट माग भएका विभिन्न किसिमका छात्रवृत्तिको सङ्ख्यात्मक विवरण सत्यापन गर्ने, सोको विवरण केन्द्रीय निकायमा सम्प्रेषण गरी समयमै स्रोत साधनको माग गर्ने ।

३.५.५ केन्द्रीय निकाय तथा अन्य विभिन्न स्रोतबाट प्राप्त हुने सबै किसिमका छात्रवृत्तिहरु विद्यालयगत रुपमा बाँडफाँड गर्ने र विद्यालयमा छात्रवृत्ति प्रयोजनका लागि आवश्यक रकम समयमै निकासा हुने व्यवस्था मिलाउने ।

३.५.६ छात्रवृत्ति वितरण लगत्तै सो सम्बन्धी प्रतिवेदन विद्यालयहरुबाट सङ्कलन गर्ने व्यवस्था मिलाउने र प्राप्त भएका प्रतिवेदनहरुका आधारमा समष्टिगत प्रतिवेदन तयार गरी सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय तथा शिक्षा विभागमा अनुसूची -७ अनुसार पठाउने ।

३.५.७ विद्यालयहरुबाट प्राप्त प्रतिवेदन अध्ययन गरी आवश्यकतानुसार विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई निर्देशन तथा पृष्ठपोषण प्रदान गर्ने ।

३.५.८ विद्यालय तहमा वितरण गरिएको छात्रवृत्ति निर्देशिका अनुसार वितरण भए नभएको अनुगमन गरी विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई आवश्यकता अनुसार निर्देशन दिने ।

३.५.९ विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिको गठन र कार्यसम्पादनसम्बन्धी गुनासो तथा उजुरीको सुनुवाइ गर्ने र आवश्यक कारवाही गर्ने ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

३.५.१० संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन (संशोधन सहित) निर्देशिका २०६९ बमोजिम संस्थागत विद्यालयहरुले प्रदान गर्नुपर्ने छात्रवृत्तिको कार्यान्वयनका लागि सहजीकरण गर्ने, कार्यान्वयन अवस्थाको अनुगमन तथा अभिलेख अध्ययन गरी सो प्रयोजनका लागि गठित समितिलाई आवश्यक निर्देशन दिने ।

३.५.११ आवासीय छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको छात्राबास व्यवस्थापनका लागि सम्बन्धित विद्यालयहरुको नियमित अनुगमन गर्ने गराउने तथा छात्रावास व्यवस्थापनका लागि सरोकारवालाहरुसँग समन्वय गर्ने ।

३.५.१२ सामुदायिक तथा संस्थागत विद्यालयमा अक्षयकोषको स्थापना, सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कार्यविधि तय गरी लागू गर्ने ।

३.५.१२ संस्थागत विद्यालयले माध्यमिक तहमा प्रदान गर्ने छात्रवृत्तिको लागि आवश्यक सहजीकरण तथा व्यवस्थापन गर्ने ।

**३.६ छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा स्रोतकेन्द्रले देहायबमोजिमका कार्यहरु गर्नेछ**

३.६.१ विद्यालयले छात्रवृत्तिका लागि पेस गरेको तथ्याङ्क विवरण सङ्कलन गर्ने, सत्यापन गर्ने, अभिलेखीकरण गर्ने र जिल्ला शिक्षा कार्यालयमा सारांश विवरण सम्प्रेषण गर्ने ।

३.६.२ जिल्लास्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले निर्धारण गरेको दिनमा विशेष कार्यक्रमको आयोजना गरी छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाई आफ्नो स्रोत केन्द्र भित्रको कुनै एक विद्यालयहरुको कार्यक्रममा अनिवार्य उपस्थित हुने ।

३.६.३ जिल्ला शिक्षा कार्यालयबाट निकासा भए अनुसारको छात्रवृत्ति रकम दोहोरो नपर्ने गरी वितरण भए नभएको तथा बैङ्किङ् सुविधा उपलब्ध/भएका स्थानमा छात्रवृत्ति बैङकमार्फत प्रदान भए नभएको अनुगमन गर्ने ।

३.६.४ विद्यालयबाट प्राप्त छात्रवृत्ति वितरणको अभिलेख दुरुस्त राख्ने ।

३.६.५ छात्रवृत्ति वितरणको विद्यालयगत विवरणको समष्टिगत विवरण तयार गरी प्रदर्शन गर्ने, जिल्ला शिक्षा कार्यालयमा अनुसूची-६ बमोजिमको ढाँचामा सम्प्रेषण गर्ने ।

३.६.६ जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिबाट प्रदान गरिएका छात्रवृत्ति सम्बन्धी निर्देशन पालना भए नभएको अनुगमन गरी कार्यान्वयन गर्ने गराउने तथा अनियमितता भएको पाइएमा कारबाहीका लागि जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल

३.६.७ आवासीय छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको छात्रावास व्यवस्थापनका लागि सम्बन्धित विद्यालयहरुको नियमित अनुगमन गरी व्यवस्थापन पक्षलाई सुझाव दिने र अनुगमन प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेस गर्ने ।

**३.७ विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति**

३.७.१ विभिन्न स्रोतबाट विद्यालयमा प्राप्त छात्रवृत्ति व्यवस्थापनसम्बन्धी कार्य गर्न देहाय बमोजिमको विद्यालय स्तरीय छात्रवृत्ति व्यवस्थापन समिति रहने छ :

१. विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष – अध्यक्ष

२. विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावकमध्ये दलित/जनजाति अपांगता, पिछडा वर्ग तथा महिला समेतको प्रतिनिधित्व हुने गरी ४ जना - सदस्य

३. विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने गाँउपालिका/नगरपालिकापाको प्रतिनिधि – सदस्य

४. शिक्षक प्रतिनिधि – सदस्य

५. सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्ति -पदेन सदस्य

६. विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

**३.७.२ समितिको काम, कर्तव्य र अधिकार**

३.७.२.१ विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएका र गराउन इच्छुक आफ्नो विद्यालयको सेवाक्षेत्रमा कार्यरत सङ्घसंस्था तथा दातासँग समन्वय गर्ने र अभिलेख राख्ने व्यवस्था गर्ने ।

३.७.२.२ आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमध्ये तोकिएका आधारहरु बमोजिम छात्रवृत्ति प्राप्त गर्न विद्यार्थीहरुबाट आवेदन माग गर्ने, प्राप्त आवेदन उपर छानबिन गरी योग्य विद्यार्थीहरुको नामनामेसी विवरण सङ्कलन, रुजु एवम् प्रमाणीकरण गरी प्रत्येक किसिमको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको अन्तिम नामावली तयार गर्ने । तर यस निर्देशिकाको परिच्छेद ८ को बुँदा ८.२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित व्यवस्थाका सम्बन्धमा जिल्लास्तरीय छात्रवृत्ति व्यवस्थापन समितिबाट स्वीकृति लिई विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले थप सहायता उपलब्ध गराउने प्रबन्ध मिलाउन सक्ने छ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

३.७.२.३ जिल्ला शिक्षा कार्यालयबाट समयमै निकासा लिने र छात्रवृत्ति वितरणका लागि तोकिएका आधारहरु बमोजिम छात्रवृत्ति प्राप्त गर्ने यसो गर्दा बैंङ्क खता मार्फत प्राप्त गरेकाहरुको हकमा पनि विद्यार्थीहरुको अन्तिम नामावली तयार गरी सूचना पाटीमा टाँस गर्ने र सोको एकप्रति सम्बन्धित स्रोतकेन्द्रमा पठाउने ।

३.७.२.४ सम्बन्धित स्रोतव्यक्तिसँग समन्वय गरी जिल्लास्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले निर्धारण गरेको छात्रवृत्ति वितरण गर्ने दिनमा अभिभावक भेला गराई सम्बन्धित विद्यार्थीहरुलाई छात्रवृत्ति वितरणको व्यवस्था मिलाउने ।

३.७.२.५ आफ्नो विद्यालयमा आवासीय छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको आवास व्यवस्थापन गरिएको अवस्थामा छात्रावासको नियमित अनुगमन गर्ने, गराउने । छात्रावास व्यवस्थापनअन्तर्गत स्रोत व्यवस्थापनका लागि सहयोगी संस्था तथा सरोकारवालाहरुसँग समन्वय गर्ने ।

३.७.२.६ छात्रवृत्ति वितरणको अभिलेख तत्काल सूचना दिन सक्ने गरी विद्यालयमा व्यवस्थित रुपमा राख्ने र छात्रवृत्ति वितरण गरेको १५ दिनभित्र अनुसूची ५ मा तोकिएको ढाँचा बमोजिमको प्रतिवेदन जिल्ला शिक्षा कार्यालय तथा सम्बन्धित स्रोतकेन्द्रमा अनिवार्य रुपमा पठाउने ।

## परिच्छेद : ४

## छात्रवृत्तिहरूको प्रकार

**४.१ छात्रवृत्ति दुई प्रकारका हुनेछन्**

(क) आवासिय छात्रवृत्ति

(ख) गैर आवासिय छात्रवृत्ति

**४.२ विद्यालयतहमा हाल वितरणमा रहेका र विद्यालय क्षेत्र विकास कार्यक्रमले लक्षित गरेका छात्रवृत्तिहरु निम्नानुसारका रहेका छन्**

**४.२.१ हाल वितरणमा रहेका छात्रवृत्तिहरु**

हाल वितरणमा रहेका देहाय बमोजिमको छात्रवृत्तिहरुलाई आवश्यकता अनुसार निरन्तरता दिइनेछ । तर माथि जे सुकै लेखिएको भएता पनि विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनको सन्दर्भमा यी छात्रवृत्तिलाई एकिकृत गर्ने वा खारेज गर्न सकिनेछ ।

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | छात्रवृत्तिको नाम | लक्षित समूह/वर्ग |
|---|---|---|
| (क) गैर आवासिय छात्रवृत्ति : | | |
| १. | दलित छात्रवृत्ति | नेपाल सरकारद्वारा घोषित दलित जातजातिका विद्यालय तहमा अध्ययनरत छात्रछात्रा |
| २. | अपाङ्ग छात्रवृत्ति | विद्यालय तहमा अध्ययनरत तोकिए बमोजिम आवासिय,सहयोगी सहायता, यातायात सेवा र शैक्षिक सामग्री छात्रवृत्ति गरी चार प्रकारका छात्रवृत्ति |
| ३. | छात्रा छात्रवृत्ति | आधारभूत तह कक्षा (१-८) मा भर्ना भई निरन्तर रुपमा अध्ययनरत सबै छात्राहरू (कर्णाली अञ्चल बाहेक) तथा कर्णाली अञ्चलको हकमा माध्यमिक तहसम्म अध्ययनरत छात्राहरू |
| ४. | माध्यमिक शिक्षा छात्रवृत्ति | गरिब, जेहेन्दार तथा सुविधाविहीन समुदायका विद्यार्थीहरू विशेष गरी माध्यमिक तहको कक्षा ९ र १० मा अध्ययनरत १८ वर्ष उमेर ननाघेका छात्र/छात्राहरू |
| ५. | द्वन्द्व पीडित छात्रवृत्ति | द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट मृत्यु भएका तथा द्वन्द्वको क्रममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा निर्धारण गरिएको पचास प्रतिशतभन्दा बढी अपाङ्ग, अङ्गभङ्ग भएका, घाइते वा बेपत्ता भएका व्यक्तिहरूका विद्यालय तहमा अध्ययनरत सन्ततिहरू |
| ६. | सहिदका छोराछोरीका लागि छात्रवृत्ति | नेपाल सरकार गृह मन्त्रालयद्वारा सहिद घोषणा गरिएका व्यक्तिका विद्यालय तहमा अध्ययनरत सन्ततिहरु |
| ७. | लोपोन्मुख/सीमान्तकृत छात्रवृत्ति | नेपाल सरकारको लोपोन्मुख/सीमान्तकृत सूचीमा परेका जातजातिका विद्यालय तहमा अध्ययनरत १८ वर्ष उमेर ननाघेका बालबालिकाहरु |
| ८. | संस्थागत विद्यालय द्वारा प्रदान गरिने छात्रवृत्ति | संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन (संशोधन सहित) निर्देशिका २०६९ को परिच्छेद ६ मा उल्लेख भए बमोजिम कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशत विद्यार्थीहरु (जेहेन्दार, विपन्न, असहाय तथा गरिव, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द्वपीडित र सहिद परिवारका विद्यार्थी तथा प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थी) |
| ९. | रामनारायण मिश्र विशेष छात्रवृत्ति | तराई मधेसका दलित, मुस्लिम, लोपोन्मोख, सिमान्तकृत, अतिसिमान्तकृत र पिछडा वर्गका सामुदायिक माध्यमिक विद्यालयका कक्षा एघार र बाह्रमा अध्ययनरत तोकिए बमोजिमका आधार बमोजिम छनौट हुने छात्राहरु |
| १०. | निम्न आय भएका दलित, चेपाङ र राउटे समुदायका वालवालिकालाई सामुदायिक | निम्न आय भएका दलित, चेपाङ र राउटे समुदायका वालवालिकालाई सामुदायिक विद्यालयको कक्षा एघार र बाह्रमा अध्ययनको लागि तोकिए बमोजिमको छात्रवृत्ति रकम र तोकिए बमोजिमका आधार बमोजिम छनौट हुने छात्रछात्राहरु |

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

| | | |
|---|---|---|
| | विद्यालयको कक्षा एघार र बाह्रमा अध्ययनको लागि छात्रवृत्ति | |
| ११. | विभिन्न दाताद्वारा प्रदान गरिने छात्रवृत्ति | छात्रवृत्ति प्रदायक व्यक्ति वा संस्थाले तोकेका आधारबमोजिम छनौट भएका विभिन्न विद्यालयमा अध्ययनरत बालबालिकाहरु |
| १२. | मुक्त कमलरी छात्रवृत्ति | नेपाल सरकारको कमैया मुक्ति घोषणाअन्तर्गत मुक्त भएका तथा विद्यालय तहको कक्षा १-१२ मा अध्ययनरत कमलरीहरु |
| **(ख) आवासिय छात्रवृत्ति :** | | |
| १ | अपाङ्ग छात्रवृत्ति | विद्यालय तहमा अध्ययनरत तोकिए बमोजिम आवासिय, सहयोगी सहायता, यातायात सेवा र शैक्षिक सामग्री छात्रवृत्ति गरी चार प्रकारका छात्रवृत्ति |
| २ | हिमाली आवासीय छात्रवृत्ति | दुर्गम हिमाली क्षेत्रका विद्यालय सेवा क्षेत्रभन्दा टाढा रहेका आधारभूत तहको कक्षा ६ देखि ८ र माध्यमिक तहको कक्षा ९ र १० मा अध्ययनरत पिछडिएका समुदायका बालबालिकाहरू |
| ३ | मुक्त कमलरी छात्रवृत्ति | नेपाल सरकारको कमैया मुक्ति घोषणाअन्तर्गत मुक्त भएका तथा विद्यालय तहको कक्षा १-१२ मा आवासीय सुविधा प्रयोग गरी अध्ययनरत कम्लरीहरु |
| ४ | नमुना आवासीय छात्रवृत्ति | मुलुकभरका विभिन्न जिल्लाका विभिन्न विद्यालयमा अध्ययन गरी तोकिएको प्रक्रियाबमोजिम सञ्चालन भएको परीक्षामा सहभागी भई विभिन्न विद्यालय बाट छात्रवृत्तिका लागि छनौट भएका र तोकिएको विद्यालय (संस्थागत प्रकृतिका सार्वजनिक विद्यालय र बुढानीलकण्ठ उच्च मावि काठमाडौं वा गण्डकी उच्च मावि कास्की) मा कक्षा ५-१० मा अध्ययनरत विद्यार्थीहरू |
| ५ | फिडर छात्रावास | फिडर छात्रावासमा तोकिएका आधारबमोजिम छनौट भई कक्षा ९-१२ मा अध्ययनरत छात्रा |
| **(ग) विद्यालय क्षेत्र विकास कार्यक्रमले लक्षित गरेको विपन्न लक्षित छात्रवृत्ति :** | | |
| १ | कक्षा ११ र १२ विज्ञान छात्रवृत्ति | सामुदायिक विद्यालयमा विज्ञान विषय लिई कक्षा एघार र बाह्रमा अध्ययनरत छात्रछात्राहरुलाई प्रदान गरिने छात्रवृत्ति |
| २ | कक्षा ९ देखि कक्षा १२ सम्म प्रदान गरिने | सामुदायिक माध्यमिक विद्यालयमा तोकिए बमोजिमका आधारमा छनौट हुने विद्यार्थीलाई प्रदान गरिने विपन्न लक्षित छात्रवृत्ति |

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल

| | | |
|---|---|---|
| | विपन्न लक्षित छात्रवृत्ति | |

नेपाल सरकारको नीति तथा कार्यक्रम मार्फत उल्लेख हुने छात्रवृत्तिहरूको कार्यविधि विभागले तय गर्नेछ। उक्त कार्यविधि यसै निर्देशिकाको अंग मानिनेछ।

## ४.३ छात्रवृत्ति सम्बन्धी व्याख्या

### ४.३.१ दलित छात्रवृत्ति

(क) नेपाल सरकारबाट घोषित यस निर्देशिकाको अनुसूचि १ मा उल्लिखित दलित जातजाति का छात्र/छात्राहरूलाई यस किसिमको छात्रवृत्ति प्रदान गरिने छ। छात्रवृत्तिको रकम अनुसूची ३ मा उल्लेख गरिए बमोजिम हुनेछ।

### ४.३.२ अपाङ्ग छात्रवृत्ति

यो छात्रवृत्ति लेखाजोखा केन्द्र भएको जिल्लाहरुमा लेखाजोखा केन्द्रको सिफारिसको आधारमा जिल्लास्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरेबमोजिम तथा लेखाजोखा केन्द्र नभएको जिल्लामा जिल्लास्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरेबमोजिम शारीरिक अपाङ्गता, दृष्टिसम्बन्धी अपाङ्गता (दृष्टिविहीनता, न्यूनदृष्टि), सुनाइ सम्बन्धी अपाङ्गता (बहिरा, सुस्तश्रवण), श्रवणदृष्टिविहीन अपाङ्गता (श्रवण र दृष्टिविहीनता दुवै भएका), स्वर/बोलाइसम्बन्धी अपाङ्गता, मानसिक अपाङ्गता (सुस्त मनस्थिति, मानसिक अस्वस्थता, अटिज्म), बहुअपाङ्गता भएका विद्यार्थीहरुलाई अनुसूची ३ मा उल्लेख गरिए अनुसारको छात्रवृत्ति प्रदान गरिनेछ।

**४.३.२.१ विद्यार्थीको अपाङ्गताको स्तरअनुसार यो छात्रवृत्तिलाई निम्नानुसारका चार श्रेणीमा विभाजन गरी छात्रवृत्ति रकम निर्धारण हुने छ।**

(अ) आवासिय छात्रवृत्ति - आफ्नो घरबाट दैनिक आवतजावत गर्न नसक्ने एवम् अध्ययनका लागि कोठा भाडामा लिएर बस्नुपर्ने अपाङ्ग बालबालिका वा स्रोत कक्षामै आवासिय रुपमा बसेका बालवालिका।

(आ) सहयोगी सहायता सेवा छात्रवृत्ति- घरबाट आउँदा जाँदा र विद्यालयमा रहँदा निरन्तर रुपमा अरुको सहयोग र साधन आवश्यक पर्ने अपाङ्ग बालबालिका

(इ) यातायात सेवा छात्रवृत्ति - घरबाट आउँदा जाँदा यातायातको साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्ग बालबालिका

(ई) शैक्षिक सामग्री छात्रवृत्ति - घरबाट आउन जान सक्ने सामान्य अपाङ्ग बालबालिका

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

**४.३.३ आवासीय छात्रवृत्ति**

विद्यालय तहमा प्रदान गरिने आवासीय छात्रवृत्तिको हकमा परिच्छेद ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

**४.३.४ छात्रा छात्रवृत्ति**

(क) आधारभूत तह कक्षा (१-८) मा भर्ना भई निरन्तर रुपमा अध्ययनरत सबै छात्राहरू (कर्णाली अञ्चलबाहेक) तथा कर्णाली अञ्चलको हकमा माध्यमिक तहसम्म अध्ययनरत छात्राहरूलाई तोकिएबमोजिमको रकम छात्रवृत्ति वापत प्रदान गरिने छ ।

(ख) नेपाल सरकारको कमैया मुक्ति अभियान अन्तर्गत मुक्त भएका कमलरीका लागि ५.३ मा उल्लिखित आवासीय छात्रवृत्ति प्राप्त नगर्ने र घरबाटै विद्यालय आवतजावत गरी कमलरीहरुका हकमा (अध्ययनका लागि आवश्यक पर्ने सामग्री तथा पोसाक व्यवस्थाका लागि) यस किसिमको छात्रवृत्ति अनुसूची ३ मा उल्लेख भए बमोजिम प्रदान गरिनेछ ।

**४.३.५ माध्यमिक शिक्षा छात्रवृत्ति** गरिब जेहेनदार तथा सुविधाविहीन समुदायका माध्यमिक तहको कक्षा ९ र १० का छात्र/छात्राहरूलाई विद्यालय पोसाक, कापी कलम तथा स्टेसनरी व्यवस्थाका लागि यो छात्रवृत्ति (अनुसूची ३) प्रदान गरिने छ । छात्रवृत्ति प्राप्त गर्नेमध्ये कम्तीमा दुईतिहाइ छात्रा हुनुपर्ने छ ।

**४.३.६ द्वन्द्वपीडित छात्रवृत्ति** वि.स.२०५२ फागुन १ गतेदेखि वि.स. २०६३ मंसिर ५ गतेसम्मको अवधिमा शशस्त्र द्वन्द्वका कारणबाट मृत्यु भएका व्यक्ति तथा द्वन्द्वको क्रममा न्युनतम पचास प्रतिशत अपाङ्ग, अङ्गभङ्ग वा बेपत्ता वा घाइते भएका व्यक्तिहरूका सन्ततिहरुलाई आधारभूत तहदेखि माध्यमिक तहसम्मको अध्ययनमा सहयोग पुऱ्याउनका लागि यो छात्रवृत्ति( अनुसूची ३) प्रदान गरिने छ । विद्यार्थी छनौट प्रक्रिया, उपलब्ध गराइने सुविधा र उमेरलगायतका विषयमा शान्ति मन्त्रालयबाट निर्मित छात्रवृत्तिसँग सम्वन्धित निर्देशिका वा कार्यविधिको सम्बन्धित अंश अनुसूची ९ मा दिइएको छ । सम्बन्धित मन्त्रालयले निर्देशिका वा कार्यविधिमा कुनै थपघट गरेमा सो समेत यसै अनुसुचीमा परेको मानिनेछ छ ।

**४.३.७ सहिदका छोराछोरीका लागि छात्रवृत्ति** नेपाल सरकार गृहमन्त्रालयद्वारा सहिद घोषित भएका व्यक्तिका छोराछोरीहरुलाई आधारभूत तहदेखि माध्यमिक तहसम्म अध्ययनका लागि यस किसिमको छात्रवृत्ति अनुसूची ३ मा उल्लेख भए बमोजिम प्रदान गरिने छ । छात्रवृत्ति वापत प्रदान गरिने

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

रकम, उपलब्ध गराइने सुविधा, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको उमेर सम्बन्धित मन्त्रालयबाट तोकिएबमोजिम हुनेछ ।

<u>४.३.८ लोपोन्मुख/सीमान्तकृत समुदायका बालबालिकाका लागि छात्रवृत्ति</u> : नेपाल सरकारद्वारा घोषित अति सीमान्तकृत र लोपोन्मुख जातजाति (मुसहर, चेपाङ, राउटे, डोम, दुसाद, बनकरिया, कुसुन्डा, हायु, किसान, कुसबाडिया, लेप्चा, मेचे, राजी, सुरेल, बरामु, बोटे, दनुवार, धानुक, झाँगड, लोहमी, माझी, सतार/सन्थाल, सियार, थामी, थुडाम, बादी) का आधारभूत तहदेखि माध्यमिक तहसम्म अध्ययनरत बालबालिकाहरूलाई यस किसिमको छात्रवृत्ति अनुसूची ३ मा उल्लेख भएबमोजिम प्रदान गरिने छ ।

<u>४.३.९ माध्यमिक विद्यालयको कक्षा एघार र बाह्रमा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति</u> सामुदायिक विद्यालयको कक्षा एघार र बाह्रमा अध्ययनरत विपन्न लक्षित छात्रछात्राहरुलाई यस किसिमको छात्रवृत्ति प्रदान गरिनेछ ।

<u>४.३.१० संस्थागत विद्यालयद्वारा प्रदान गरिने छात्रवृत्ति</u>

शिक्षा मन्त्रालयद्वारा जारी संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन (संशोधनसहित) निर्देशिका २०६९ को परिच्छेद-६ बमोजिम संस्थागत विद्यालयहरुले निम्नानुसारका छात्रवृत्ति प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ ।

(क) संस्थागत विद्यालयहरुले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीहरुलाई क्रमशः सत प्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(ख) संस्थागत विद्यालयहरुले कुल विद्यार्थी संख्याको १० प्रतिशतमा नघटाई जेहेन्दार, विपन्न, असहाय तथा गरिव, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द्वपीडित र सहिद परिवारका विद्यार्थीलाई समावेशी आधारमा छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।

यस प्रकारको छात्रवृत्ति वितरणसम्बन्धी सम्पूर्ण कार्य संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन (संशोधन सहित) निर्देशिका २०६९को ६.१२ मा उल्लिखित समितिले गर्नेछ ।

तर उक्त निर्देशिकाको बुँदा नं. ४.५.६ मा उल्लेख भए बमोजिम संस्थागत विद्यालयहरुले प्रदान गर्नुपर्ने छात्रवृत्तिको कार्यान्वयनका लागि जिल्लास्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नु उक्त समितिको कर्तव्य हुने छ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## ४.३.११ विपन्न लक्षित छात्रवृत्ति

### (क) विपन्न लक्षित छात्रवृत्ति सम्बन्धी व्यवस्था

(१.) सामुदायिक विद्यालयको माध्यमिक तह को कक्षा नौ देखि बाह्रसम्म विपन्न लक्षित छात्रवृत्तिको व्यवस्था गरिने छ ।

(२.) वि.स. २०७५ देखि विभागले छनौट गरेका जिल्लाहरुमा कक्षा नौ देखि विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयनमा ल्याइनेछ र क्रमश माथिल्लो कक्षासम्म कार्यान्वयन गर्दे लगिनेछ ।

(३.) वि.स. २०७४ देखि विभागले तोकेका जिल्लाहरुमा विज्ञान विषय सञ्चालित कक्षा एघारबाट विपन्न लक्षित छात्रवृत्तिको व्यवस्था गरिनेछ र क्रमश कार्यान्वयन गर्दे लगिनेछ ।

(४.) विपन्न लक्षित छात्रवृत्तिको व्यवस्थापनको लागि विभागले आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

(५.) सामुदायिक विद्यालयको कक्षा नौमा  विपन्न लक्षित छात्रवृत्ति पाएका विद्यार्थीहरु कक्षा दशमा छात्रवृत्ति प्राप्त गर्नको लागि योग्य मानिनेछन् तर यसै निर्देशिकाको परिच्छेद ५ को ५.१.१ बमोजिम विचैमा अध्ययन छाडेमा, विद्यालयमा अनुतिर्ण भएमा तथा विद्यालय सञ्चालन भएको दिनको कम्तिमा असि प्रतिशत हाजिरी नभएमा त्यस्तो विद्यार्थी छात्रवृत्ति प्राप्त गर्न योग्य हुने छैनन् । यो व्यवस्था कक्षा एघारमा छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीको हकमा पनि लागू हुनेछ ।

### (ख) भौचर पद्धतीको व्यवस्था

(१) माध्यमिक तहमा विपन्न लक्षित छात्रवृत्ति प्रदान गर्दा भौचर पद्धति लागू गर्न सकिनेछ । यसरी छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरु कक्षा ९ वा ११ मा आफु अध्ययनरत भन्दा अन्य विद्यालयमा अध्ययन गर्न चाहेमा भौचर पद्धतीबाट भुक्तानी गर्न सक्ने व्यवस्थाको नमूनाको रुपमा प्रयोगमा ल्याउन विभागले कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

### (ग)अन्य छात्रवृत्तिको रकम निकासा नगरिने

(१) विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयनमा आएपछि औचित्यताको आधारमा यस अघि कार्यान्वयनमा आएका छात्रवृत्तिहरु समायोजन वा स्थगन हुन सक्नेछ ।

### (घ) विद्यालयलाई थप प्रोत्साहन

(१.) विज्ञान विषयमा कक्षा एघार र बाह्र सञ्चालन गरिरहेका सामुदायिक विद्यालयहरुलाई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थीको दरले प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।

(२.) प्रति विद्यार्थी प्रोत्साहन अनुदान विभागले तोके बमोजिम हुनेछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

**(ङ)समन्वय र सहकार्य सम्बन्धी व्यवस्था**

(१) विपन्न लक्षित छात्रवृत्तिलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नको लागि विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयनको हाल अभ्यास गरिरहेका निकायहरु सँग समन्वय गरिनेछ । यसका साथै विद्यार्थी वित्तिय सहयोग कोषको प्राविधिक सहयोग लिइनेछ ।

**४.३.१२ विभिन्न दाताहरुबाट प्रदान गरिने छात्रवृत्ति**

विद्यालयमा आधारभूत देखि माध्यमिक तहसम्म अध्ययनरत विद्यार्थीहरुमध्ये विभिन्न दाता (व्यक्ति तथा संस्था) एवम् सम्बन्धित विद्यालयबाट संयुक्त रुपमा निर्धारण गरिएका विद्यार्थी छनौटका निश्चित आधार बमोजिम छनौट भएका विद्यार्थीहरुलाई यस किसिमको छात्रवृत्ति उपलब्ध गराइनेछ ।

तर दाताबाट सोझै विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने अवस्थामा भने कुन विद्यालयका कति जनालाई छात्रवृत्ति दिने हो सो विवरण खुलाई जिल्ला शिक्षा कार्यालयको पूर्व स्वीकृती लिएर मात्र वितरणको व्यवस्था मिलाउनु पर्नेछ । साथै छात्रवृत्ति वितरण पछि सो को जानकारी जिल्ला शिक्षा कार्यालयलाई दिनु पर्नेछ ।

## परिच्छेद -५

## विद्यार्थी छनौटका प्रक्रिया तथा आधारहरु

**५.१ निम्नानुसारका मुख्य प्रक्रिया तथा आधारहरुबमोजिम विभिन्न किसिमका छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौट गरिनेछ ।**

**५.१.१ छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय वमोजिमको प्रक्रिया पुरा गर्नुपर्ने छ**

(क) सम्बन्धित विद्यार्थी/अभिभावकले तोकिएका आवश्यक प्रमाण सहित निवेदन दिनुपर्ने छ ।

(ख) सम्बन्धित छात्र/छात्राको अध्ययनरत कक्षा वा अघिल्लो कक्षामा उपस्थिति औसत ८०% हुनुपर्ने छ । सोभन्दा कम उपस्थिति भएका विद्यार्थीहरु छात्रवृत्ति प्राप्त गर्न योग्य हुने छैनन् ।

(ग) एक पटक छात्रवृत्ति प्राप्त गरेका छात्रछात्रालाई पुन त्यही कक्षामा छात्रवृत्ति प्रदान गरिने छैन ।

तर विशेष किसिमको सहयोग आवश्यक पर्ने छात्रछात्राहरुको हकमा लेखाजोखा केन्द्रबाट र स्वास्थ्यका कारण नियमितरुपमा उपस्थित हुन समस्या भएका बालबालिकाका हकमा

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिबाट प्रमाण सहित निर्णय गराई छात्रवृत्ति प्रदान गर्न (ख) र (ग) बमोजिमको प्रावधानले बाधा पुऱ्याउने छैन ।

(घ) जुनसुकै छात्रवृत्ति प्रदान गर्दा गरिबीलाई मुख्य आधार बनाइने छ । गरिबीको प्रमाणपत्र वितरण भएको अवस्थामा सो प्रमाण पत्र वा उपलब्ध नगराइएका अवस्थामा विद्यार्थी वित्तिय सहयोग कोषले तोके बमोजिमको प्रक्रियाबाट पहिचान भएका विवरणलाई आधार मानिने छ ।

(ङ) माथिल्लो कक्षाहरुमा कुनै छात्रवृत्तिको लागि छात्रछात्रा छनौट गर्नुपर्ने अवस्था भएमा जुन कक्षाको लागि छात्रछात्रा छनौट गर्न खोजिएको हो त्यसको ठिक तल्लो कक्षामा न्यूनतम हाजिरी असी प्रतिशत र उच्चतम सिकाई उपलब्धिलाई मुख्य आधार मान्नु पर्नेछ ।

(च) बुदाँ नं. ङ बमोजिमको आधारमा छात्रछात्रा छनौट गर्दा सम्भव भए सम्म गरिब र जेहेन्दार छात्रछात्रालाई छनौट गर्नु पर्नेछ ।

**५.१.२ कुनै पनि छात्रवृत्ति दोहोरो पर्ने गरी वितरण नगरिने**

(क) छात्रवृत्ति रकम दोहोरो पर्ने गरि वितरण गरिने छैन । कुनै मापदण्डको आधारमा एकै विद्यार्थीले दुई वा सो भन्दा बढी छात्रवृत्ति पाउन योग्य देखिएमा कुनै एक छात्रवृत्ति मात्र प्रदान गर्नु पर्नेछ ।

तर अक्षयकोष, निजी स्रोत, कुनै कानून बमोजिम दर्ता भएको संस्था, बैदेशिक रोजगार प्रबर्द्धन बोडबाट दिइने छात्रवृत्तिको सुविधा प्रदान गर्न यस बुँदाले बाधा पार्ने छैन ।

**५.२ थप आधारहरु**

**माथि ५.१ मा उल्लिखित आधारहरुका अतिरिक्त विभिन्न किसिमको छात्रवृत्ति वितरणका लागि निम्नानुसारका थप आधारहरु पुरा गर्नुपर्ने छ ।**

**५.२.१ दलित छात्रवृत्ति**

(क) नेपाल सरकारबाट घोषित दलित जातजाति (अनुसूची १) भित्र सूचीकृत भएको प्रमाणित हुनुपर्ने छ ।

(ख) ५.१.१ (घ) बमोजिमको आर्थिक अवस्था कमजोर भएको व्यहोरा खुल्ने प्रमाण निवेदन साथ संलग्न राख्नुपर्ने छ ।

**५.२.२. अपाङ्ग छात्रवृत्ति**

(क) अपाङ्ग छात्रवृत्ति पाउनको लागि तोकिएको निकाय/संस्थाबाट अपाङ्गताको श्रेणी खुलाइएको प्रमाण पेस गरेको हुनुपर्नेछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(ख) अपाङ्गता छात्रवृत्ति श्रेणीकरण/प्राथमिकतामा आधारताहरू देहाय अनुसार हुने छन् :

**क) आवासिय  छात्रवृत्ति प्रदान गर्न विद्यार्थी छनोटको आधार**

१. पारिवारिक आर्थिक अवस्था कमजोर भएका र घर नजिक अध्ययन अवसर नभएका,

२. स्रोत कक्षामा आवासिय रुपमा रही अध्ययन गर्दै आएका,

३. दैनिक घरबाट आवत जावत गर्न नसक्ने र कोठा भाडा लिई बस्नु पर्ने अवस्था भएका साङ्केतिक भाषा नै प्रयोग गर्नुपर्ने बहिरा, ब्रेल लिपिमै पढ्नुपर्ने अवस्थाका दृष्टिविहीन, सुस्तमनस्थिति भएका वा अन्य अपाङ्ग विद्यार्थीहरू

**ख) सहयोगी सहायता सेवा छात्रवृत्ति प्रदान गर्न विद्यार्थी छनोटको आधार**

१. घर तथा विद्यालयमा निरन्तर अरुको सहयोग आवश्यक पर्ने

२. विद्यालय नजिक रहे पनि विद्यालयसम्म आफैं आवतजावत गर्न नसक्ने वा अरुको भर पर्नुपर्ने

३. आर्थिक अवस्था कमजोर भएका

**ग) यातायात सेवा छात्रवृत्ति प्रदान गर्न विद्यार्थी छनोटको आधार**

१. घरबाट विद्यालयसम्म यातायात वा अन्य साधन तथा उपकरणको प्रयोग गरी दैनिक आवातजावत गर्न सक्ने तथा आर्थिक अवस्था कमजोर भएका

**घ) शैक्षिक सामग्री छात्रवृत्ति प्रदान गर्न विद्यार्थी छनोटको आधार**

१. घरबाट विद्यालयसम्म दैनिक आवातजावत गरी अध्ययन गर्न सक्ने हल्का खालका शारीरिक अपाङ्ग, अल्पदृष्टिविहीन, बहिरा एवम् सुस्त श्रवण तथा हल्का खालका सुस्तमनस्थिति भएका वा अन्य अपाङ्ग विद्यार्थीहरू

**५.२.३. आवासीय छात्रवृत्ति**

आवासीय छात्रावास र छात्रवृत्ति सम्बन्धमा परिच्छेद ६ मा उल्लेख भए बमोजिम हुनेछ।

**५.२.४ छात्रा छात्रवृत्ति**

**५.२.४.१** कर्णाली अञ्चल बाहेक अन्य जिल्लाका हकमा कक्षा (१-८) मा अध्ययनरत छात्रवृत्ति प्राप्त गर्न आवेदन दिने छात्राहरुलाई तथा कर्णाली अञ्चलको हकमा माध्यमिक तहसम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्न आवेदन दिने सबै छात्राहरूलाई  तोकिएबमोजिमको रकम छात्रवृत्ति वापत प्रदान गरिने छ।

५.२.४.२ नेपाल सरकारको कमैया मुक्त अभियानअन्तर्गत मुक्त भएका कम्लहरीका लागि ५.३ मा उल्लिखित आवासीय छात्रवृत्ति प्राप्त नगर्ने र घरबाटै विद्यालय आवतजावत गरी अध्ययन

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

गर्ने सबै कम्लहरीहरुलाई (अध्ययनका लागि आवश्यकपर्ने सामग्री तथा पोसाक व्यवस्थाका लागि) यस किसिमको छात्रवृत्ति प्रदान गरिने छ । यो छात्रवृत्ति प्राप्त गर्न देहायका प्रक्रिया पुरा गर्नुपर्ने छ :

(क) आधिकारिक निकायले उपलब्ध गराएको परिचय पत्र अनिवार्य रुपमा पेस गरेको हुनुपर्नेछ ।

(ख) अन्य संघ संस्थाबाट कुनै पनि किसिमको छात्रवृत्ति प्राप्त नगरेको हुनुपर्नेछ ।

**५.२.५ माध्यमिक शिक्षा छात्रवृत्ति**

(क) विद्यार्थी भर्ना हुने म्याद समाप्त भएपश्चात् कक्षा ९ मा भर्ना भएका विद्यार्थीहरुलाई छात्रवृत्तिका विषयमा जानकारी गराई छात्रवृत्ति प्राप्त गर्न इच्छुक विद्यार्थीबाट निवेदन आह्वान गर्नुपर्ने छ ।

(ख) निवेदन सङ्कलन भइसकेपछि विद्यालयले प्राथमिकताक्रम अनुसारको सूची तयार गरी निर्णयका लागि विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिमा पेस गर्नुपर्ने छ ।

(ग) समितिले छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा विद्यालयलाई प्राप्त कोटाअनुसारको सङ्ख्यामा विद्यार्थीका आर्थिक स्थिति, जेहेन्दारिता र नियमिततालाई ख्याल गरी छनौट गर्नुपर्ने छ ।

(घ) एक पटक छनौट भई छात्रवृत्ति पाइरहेका विद्यार्थीलाई अनुत्तीर्ण भएको र हाजिरी ८० प्रतिशत नभएको अवस्थामा बाहेक कक्षा–१० सम्म निरन्तर रूपमा प्राप्त गर्नेछ । कुनै कारणवस कोटा रिक्त भएमा नयाँ विद्यार्थी छनौट गर्दा कक्षा–९ बाट नै छनौट गर्नुपर्ने छ ।

(ङ) छात्रवृत्ति प्राप्त गर्ने कुल सङ्ख्याको दुइतिहाइ छात्रा हुनुपर्ने छ ।

**५.२.६ द्वन्द्वपीडित छात्रवृत्ति**

(क) विद्यार्थी अध्ययनरत विद्यालय रहेको जिल्लाको जिल्ला शिक्षा कार्यालयमा आवेदन दिनुपर्ने छ ।

(ख) निवेदन साथ द्वन्द्वका कारण बाबु/आमाको मृत्यु भएका र अपाङ्ग, अङ्गभङ्ग वा घाइते भएका व्यक्तिहरू (जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको परिचय पत्रमा उल्लिखित न्युनतम पचास प्रतिशत) का बालबालिकाको हकमा राज्यका तर्फबाट नजिकको नातेदारलाई राहत उपलब्ध गराइएको प्रमाण (सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराइएको) पेस गर्नुपर्ने छ ।

(ग) द्वन्द्वका कारण बेपत्ता हुनेहरुको हकमा सो को आधिकारिक प्रमाण (सम्बन्धित जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको) का आधारमा बेपत्ता अवधिभरमात्र छात्रवृत्ति उपलब्ध गराइने छ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

(घ) मृत्युहुने, अपाङ्ग, अङ्गभङ्ग वा घाइते भएका व्यक्तिसँगको नाता प्रमाणित र जन्म दर्ता प्रमाणपत्र अनिवार्यरुपमा पेस गरेको हुनुपर्छ ।

(ङ) छनौट भई छात्रवृत्ति पाइरहेको विद्यार्थीको हकमा प्रत्येक वर्ष उक्त विद्यार्थीको अध्ययनको निरन्तरता भएको व्यहोरा छात्रवृत्तिको रकम निकासा माग गर्दा विद्यालयले प्रमाणित गरी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाएको हुनुपर्नेछ ।

(च) यस प्रकारको छात्रवृत्ति शान्ति मन्त्रालयबाट निर्मित कार्यविधि बमोजिम छनौटमा परेका विद्यार्थीहरुले प्राप्त गर्नेछन् ।

(छ) द्वन्द्वपीडित छात्रवृत्ति तथा द्वन्द्वका कारण अपाङ्ग भएका बालबालिकाका लागि उपलब्ध गराइने छात्रवृत्तिका लागि अन्य व्यवस्थाका हकमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट निर्मित कार्यविधि वा निर्देशिका अनुसूची -९ मा उल्लेख गरिएको छ ।

(ज) सरकारी वा गैर सरकारी सेवामा वहाल रहेका वा नेपाल सरकारबाट पेन्सन प्राप्त गर्ने गरी सेवा निवृत्त कर्मचारीको सन्ततीहरुको हकमा द्वन्द्व पिडित छात्रवृत्ति रकम दिइने छैन ।

**५.२.७ सहिदका छोराछोरीका लागि छात्रवृत्ति**

(क) विद्यार्थी अध्ययनरत विद्यालयको सिफारीस सहित अध्ययनरत रहेको जिल्लाको जिल्ला शिक्षा कार्यालयमा आवेदन दिनुपर्नेछ ।

(ख) निवेदन साथ नेपाल सरकार गृहमन्त्रालयबाट सहिद घोषणा गरिएको प्रमाण पेस गर्नुपर्नेछ ।

(ग) सम्बन्धित जिल्ला प्रसासन कार्यालयबाट शहिदसंगको नाता प्रमाणित भएको हुनुपर्नेछ ।

**५.२.८ लोपोन्मुख तथा सीमान्तकृत समूहका बालबालिकाका लागि छात्रवृत्ति**

(क) नेपाल सरकारबाट लोपोन्मुख तथा सीमान्तकृत समूहका रुपमा सूचीकृत भएको भनि स्थानीय निकायबाट प्रमाणित भएको कागजातको आधारमा यस्तो छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

**५.२.९. विभिन्न दाताहरुबाट प्रदान गरिने छात्रवृत्ति**

(क) सम्बन्धित विद्यालयले विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न इच्छुक दाता (व्यक्ति तथा संस्था) सँग समन्वय गरी त्यस्ता व्यक्ति (संस्थाको हकमा उक्त संस्थाको आधिकारिक प्रतिनिधि) लाई विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिमा आमन्त्रण गरी छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौटका आधारहरु तय गर्ने छ ।

(ख) छात्रवृत्ति वितरणका लागि आवश्यक रकम विद्यालयलाई प्राप्त हुने सुनिश्चितता पश्चात् निर्धारित आधारहरु बमोजिम छात्रवृत्तिका लागि योग्य विद्यार्थीहरुको छनौट गरी छात्रवृत्ति वितरण गर्ने र सोको जानकारी जिल्ला शिक्षा कार्यालयलाई दिनु पर्नेछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

**५.३ छात्रवृत्तिका लागि रकम निकासा प्रक्रिया**

५.३.१ विभागले सम्बन्धित जिल्लाबाट प्राप्त तथ्याङ्क र मागको आधारमा छात्रवृत्तिको कोटा र रकम जिल्लालाई निकासा दिने छ ।

५.३.२ जिल्लामा कोटा र रकम प्राप्त भएपछि जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिले निश्चित आधारहरु तयार गरी विद्यालयहरुबाट प्राप्त माग एवम् तथ्याङ्क आवश्यकतानुसार सत्यापन समेत गरी सोका आधारमा जिल्लामा सञ्चालित सामुदायिक विद्यालयहरुलाई विभिन्न किसिमका छात्रवृत्ति कोटा निर्धारण गर्नेछ र सोअनुसार जिल्ला शिक्षा कार्यालयले सम्बन्धित विद्यालयहरुलाई रकम निकासा गर्ने छ ।

५.३.३ विद्यालयमा रकम निकासा भएपछि विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले उल्लेख भए अनुसारका प्रक्रिया अपनाई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट गरी विशेष समारोहको आयोजना गरी छात्रवृत्ति वितरणको व्यवस्था मिलाउनेछ । कक्षा ९-१२ को हकमा बैङ्किङ सुविधा भएका स्थानमा बैङ्क खातामार्फत निकासा गर्ने व्यवस्था मिलाउनेछ ।

५.३.४ छात्रवृत्ति वितरण कार्यक्रमको उपस्थितिको अभिलेख विद्यालयले व्यवस्थित रुपमा राख्नेछ र सम्बन्धित विद्यार्थी/अभिभावकलाई रकम बुझाई सोको भर्पाइ गराई सो भर्पाइ विद्यालयमा अभिलेख राखी तोकिएको ढाँचामा छात्रवृत्ति पाउने विद्यार्थीको नाम नामेसीसहितको विवरण सम्बन्धित स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा छात्रवृत्ति वितरण भएको १५ दिन भित्र पठाउनु पर्नेछ ।

५.३.५ विद्यालयलाई प्राप्त छात्रवृत्ति कोटा कारणबस बाँकी रहेमा सम्बन्धित विद्यालयले सोको जानकारी तत्काल जिल्ला शिक्षा कार्यालयलाई गराई सो वापत प्राप्त निकासा रकम जिल्ला शिक्षा कार्यालयको खातामा जम्मा गर्नुपर्ने छ ।

५.३.६ बुदाँ नं. ५.३.५ बमोजिम जिल्ला शिक्षा कार्यालयको खाताका विद्यालयबाट बाँकी भई फिर्ता आएको रकम जिल्लाको तथ्यांक सत्यापनको आरधारमा नपुग भएको विद्यालयलाई माथिको आधारहरु अनुसार पुन निकासाको व्यवस्था मिलाउनु पर्नेछ ।

**५.४ अक्षयकोष सम्बन्धी व्यवस्था**

**५.४.१ विद्यालयमा आवश्यकता अनुसार अक्षयकोष रहने**

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

विद्यालयमा विद्यालय व्यवस्थापन समितिले निर्धारण गरे बमोजिमको संख्यामा अक्षय कोषको स्थापना गर्न सकिनेछ ।

**५.४.२ अक्षय कोषको लागि न्युनतम रकम**

क) कुनै दाता वा संस्थाले अक्षय कोषको स्थापना गर्न चाहेमा न्युनतम रु एक लाखको अक्षयकोष स्थापना गर्नु पर्नेछ । हालसम्म स्थापना भइ सञ्चालनमा आएका अक्षय कोषको लागि साविक कै रकमलाई न्युनतम रकम मानिनेछ ।

ख) अक्षय कोष स्थापना गर्नको लागि प्राप्त रकम जिल्लामा अवस्थित नेपाल राष्ट्र बैंकले तोकेको उपलब्ध भए सम्म 'क' वर्गको बैंकमा जम्मा गर्नु पर्नेछ ।

ग) अक्षय कोषबाट प्राप्त व्याज रकम अक्षय कोषको लागि गठन भएको समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।

**५.४.३ अक्षयकोषको लागि समिति गठन**

१) कुनै दाता वा संस्था मार्फत स्थापना भएको अक्षयकोष सञ्चालनको लागि विद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा दाता वा संस्थाको एक जना प्रतिनिधि सदस्य र प्रधानाध्यापक सदस्यसचिव रहने एक समिति हुने छ ।

२) अक्षय कोषको सञ्चालन, व्यवस्थापन गर्ने सम्पूर्ण अधिकार उक्त समितिमा रहनेछ ।

**५.४.४ अक्षय कोषको मुल धन मास्न नपाईने**

जुन सुकै बहानामा अक्षयकोषको मुल धन मास्न पाइने छैन । उक्त रकम एक बैंकबाट अर्को बैंकमा दाता वा संस्थाको सहमतिमा सार्न सकिनेछ ।

**५.४.५ अक्षयकोष स्थापनाको लागि प्रस्तावना पेश गर्नु पर्ने**

अक्षयकोषको लागि रकम प्राप्त हुने सुनिश्चितता भए पछि ५.४.३ बमोजिमको समितिवाट निर्णय गराई जिल्ला शिक्षा कार्यालयमा प्रस्तावना पेश गर्नु पर्ने छ । प्रस्तावनाको ढाँचा अनुसूची १३ मा समावेश गरिएको छ ।

**५.४.६ अक्षयकोष स्थापनाको लागि अनुमति लिनु पर्ने**

क) अक्षयकोषको लागि विद्यालयबाट प्राप्त निवेदन उपर छानविन गरी निर्देशिकाको भावना प्रतिकुल नहुने गरी जिल्ला शिक्षा अधिकारीले अक्षय कोष स्थापनाको लागि अनुमति दिनु पर्नेछ ।

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

ख) बुदाँ नं क बमोजिम अनुमति दिइएका अक्षयकोषको सञ्चालन, व्यवस्थापन विषयमा प्रत्येक वर्ष विद्यालयबाट प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा प्राप्त हुने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद -६

## आवासीय छात्रवृत्तिसम्बन्धी व्यवस्था

### ६.१ विद्यालय तहमा प्रदान गरिने आवासीय छात्रवृत्तिहरुलाई निम्नानुसार वर्गीकरण गरिएको छ

### ६.१.१ फिडर छात्रावासका विद्यार्थीका लागि छात्रवृत्ति

फिडर छात्रावासमा कक्षा ९-१२ मा अध्ययनरत छात्राका लागि यस किसिमको छात्रवृत्ति प्रदान गरिने छ । यस छात्रवृत्तिअन्तर्गत छात्रावासमा बसी अध्ययन गर्ने छात्रालाई व्यक्तिगत सरसफाइका लागि आवश्यक पर्ने सामग्रीहरु (साबुन, स्याम्पु, दन्तमञ्जन, ब्रुस, नेलकटर, रुमाल, कोल्डक्रिम आदि) खरिदका लागि तोकिएबमोजिमको रकम मासिक रुपमा उपलब्ध गराइने छ । छात्रावास सञ्चालन तथा व्यवस्थापन वापत वार्डेनका पारिश्रमिक, कोचिङ कक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, छात्रावास सामग्री व्यवस्थापन, पुस्तकालय सञ्चालन, छात्रासिप तालिम सञ्चालन, बैठक सञ्चालन खर्चलगायतका कार्यक्रमका लागि तोकिएबमोजिमको एकमुष्ट रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराइने छ ।

छात्रावासको सेवा क्षेत्रभित्रका जिल्लाहरुबाट अध्ययनका लागि छनौट भई छात्रावासमा बसी अध्ययन गर्ने छात्राहरुले तोकिएबमोजिमको रकम छात्रवृत्तिका रुपमा प्राप्त गर्दछन् ।

### ६.१.२ हिमाली आवासीय

दुर्गम हिमाली क्षेत्रका विद्यालय सेवाक्षेत्रभन्दा टाढा रहेका आधारभूत तह र मा.वि. मा (कक्षा ६ -१०) अध्ययनरत पिछडिएका बालबालिकाहरूलाई यस किसिमको छात्रवृत्ति प्रदान गरिन्छ । यस छात्रवृत्ति अन्तर्गत छात्रावासमा बसी अध्ययन गर्ने छात्र/छात्रालाई व्यक्तिगत सरसफाइका लागि आवश्यकपर्ने सामग्रीहरु (साबुन, स्याम्पू, दन्तमञ्जन, ब्रुस, नेलकटर, रुमाल, कोल्डक्रिम आदि) खरीदका लागि तोकिए बमोजिमको रकम मासिक रुपमा सम्वन्धित छात्र/छात्रालाई उपलब्ध गराइने छ । छात्रावास सञ्चालन तथा व्यवस्थापन वापत वार्डेनका पारिश्रमिक, कोचिङ् कक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, छात्राबास सामग्री व्यवस्थापन, पुस्तकालय सञ्चालन, छात्रासीप तालिम सञ्चालन,

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

बैठक सञ्चालन खर्चलगायतका कार्यक्रमका लागि तोकिएबमोजिमको एकमुष्ट रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराइने छ ।

### ६.१.३ मुक्त कमलरी

मुक्त कम्लहरी (कक्षा १-१२) का लागि निम्नानुसार दुई प्रकारका छात्रवृत्तिका व्यवस्था गरिएको छ

(क) घरबाट आवत जावत गर्ने मुक्त कम्लहरीहरूलाई पोसाक, स्टेसनरी सामग्रीलगायत व्यवस्थापनका लागि छात्रवृत्ति सम्बन्धित विद्यालयमार्फत् प्रदान गरिने छ ।

(ख) आवासीय छात्रवृत्ति : छात्रावासमा रही अध्ययन गर्ने मुक्त कम्लहरीका लागि व्यक्तिगत सरसफाइका लागि आवश्यक पर्ने सामग्रीहरु (साबुन, स्याम्पु, दन्तमञ्जन, ब्रुस, नेलकटर, रुमाल, कोल्डक्रिम आदि) खरिदका लागि तोकिएबमोजिमको रकम मासिक रुपमा सम्बन्धित छात्र/छात्रालाई उपलब्ध गराइने छ भने ३० जनाको लागि एक समूह मानी छात्रावास सञ्चालन तथा व्यवस्थापन वापत वार्डेनका पारिश्रमिक, कोचिङ कक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, छात्रावास सामग्री व्यवस्थापन, पुस्तकालय सञ्चालन, छात्रासीप तालिम सञ्चालन, बैठक सञ्चालन खर्चलगायतका कार्यक्रमका लागि तोकिएबमोजिमको एकमुष्ट रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराइने छ ।

### ६.१.४ नमुना विद्यालय छात्रवृत्ति

मुलुकभरका विभिन्न जिल्लाका विद्यालयहरुबाट तोकिएको प्रक्रियाबमोजिम प्रवेश परीक्षामा सहभागी भई छनौट भएका र तोकिएको विद्यालय (संस्थागत प्रकृतिका सामुदायिक विद्यालय र बुढानीलकण्ठ उच्च मावि, काठमाण्डौं वा गण्डकी उच्च मावि, कास्की) मा कक्षा ५-१० मा अध्ययनरत विद्यार्थीहरूलाई तोकिएबमोजिम छात्रवृत्ति उपलब्ध गराइने छ ।

## ६.२ आवासीय छात्रवृत्तिका लागि विद्यार्थी छनौटका आधार

### ६.२.१ फिडर छात्रावास

(क) फिडर छात्रावास व्यवस्थापन समितिले तोकिएको क्षेत्र र समुदायका छात्राहरु (खासगरी दुर्गम र ग्रामीण क्षेत्र) बाट आवेदन माग गर्नेछ । यसरी आवेदन माग गर्दा कक्षा ८ उत्तीर्ण छात्राहरुबाट आवेदन लिने व्यवस्था मिलाइने छ ।

(ग) आधारभूत तहमा महिला शिक्षक नभएको वा ज्यादै कम भएको स्थान र आधारभूत तहको खुद भर्ना दर कम भएका क्षेत्रलाई प्राथमिकता दिई छात्रा छनौट गर्नुपर्ने छ ।

(घ) आवश्यक सङ्ख्याभन्दा बढी आवेदन पर्न आएमा दलित/लोपोन्मुख समुदायका बालिका, आर्थिक रुपले विपन्न बालिकाहरुलाई प्राथमिकता दिई तोकिएको तहको अन्तिम कक्षामा प्राप्त

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाण्डौं, नेपाल

गरेको कुल अङ्क समेतका आधारमा वा आवश्यकतानुसार छनौटका लागि परीक्षासमेत सञ्चालन गरी प्राप्ताङ्क समेतका आधारमा छनौट गर्नुपर्ने छ ।

(ङ) छात्रा छनौट गर्दा प्रारम्भिक उत्तीर्ण सूचीमा नाम नपरेका छात्राहरुमध्येबाट प्राप्ताङ्कका आधारमा बैकल्पिक सूचीसमेत प्रकाशन गर्नुपर्ने छ । छनौटमा परेका छात्रा निर्धारित समयमा सम्पर्क राख्न नआएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयसँग यकिन गरी बैकल्पिक सूचीबाट क्रमशः छनौट गर्नुपर्ने छ ।

(च) छात्रा छनौट गर्दा प्रत्येक वर्ष आषाढ मसान्तसम्ममा गर्नुपर्ने छ ।

**६.२.२ हिमाली आवासीय**

(क) दुर्गम हिमाली जिल्लामा भएका विद्यालयहरूलाई कक्षा ६–१० मा अध्ययन गरिरहेका र विद्यालयबाट घर टाढा भई आवत्‌जावतमा असुविधा भएका छात्रछात्राहरूको सूची तयार गर्न लगाउने ।

(ख) सम्बन्धित विद्यालयले सूचीअनुसारका विद्यार्थी र उनीहरूका अभिभावकहरूबाट छात्रावासमा बसी अध्ययन गर्ने सम्बन्धमा सहमति लिएपश्चात् सम्बन्धित अभिभावकबाट आवेदन लिई त्यस्ता छात्रछात्राहरूको नामनामेसी र अध्ययनरत कक्षासहितको विवरण आवेदन साथ विद्यालयको सिफारिससमेत जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

(ग) विद्यालयहरूबाट विवरण प्राप्त भएपछि जिल्ला शिक्षा कार्यालयले विवरण विश्लेषण गरी छात्राबास कायम भएका विद्यालयसँग समन्वय गरी विद्यालयको भौतिक सुविधा र शिक्षक सङ्ख्या पर्याप्तता भएका विद्यालयमा सम्बन्धित विद्यालयको सहमति लिई छनौट भएका छात्रालाई छात्रावासमा बसी अध्ययन गर्न आवश्यक प्रबन्ध मिलाउने ।

फिडर र हिमाली छात्रावासको हकमा माथिका आधारहरुबाट छात्रा छनौट हुन नसकी कोटा बाँकी हुन आएमा जिल्लास्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले शिक्षा विभागबाट पूर्व स्वीकृतिलिई आधार तय गरी तोकिएकै जिल्ला भित्रबाट पर्ने गरि विद्यार्थीहरु छनौट गर्न सकिनेछ ।

**६.२.३ छात्रावासमा बसी अध्ययन गर्ने कमलरीका हकमा**

(क) आधिकारिक निकायले उपलब्ध गराएको परिचयपत्र अनिवार्यरुपमा पेस गरेको हुनुपर्ने छ ।

(ख) छात्रावासमा राखी अध्ययन गर्न सम्बन्धित अभिभावक र अभिभावक नभएको अवस्थामा संरक्षकको लिखित स्वीकृति हुनुपर्ने छ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

(ग) छात्रावास व्यवस्थापनका लागि छात्रावासमा बस्ने विद्यार्थीको सङ्ख्या ३० भन्दा बढी भएमा बढी भएका सङ्ख्यालाई ३० जनाका लागि विनियोजित बजेटका आधारमा पर्ने प्रति विद्यार्थी लागत निकाली सोही आधारमा हुन आउने रकम थप गरी निकासा प्राप्त हुनेछ ।

(घ) घरबाटै आवतजावत गरी अध्ययन गर्ने कम्लहरीका हकमा यसै निर्देशिकाको परिच्छेद ६ को बुँदा ६.१.३. मा उल्लेख भएबमोजिम हुने छ ।

**६.२.४ नमुना विद्यालय छात्रवृत्ति**

(क) मुलुकभरका विभिन्न जिल्लाका विद्यालयहरुबाट तोकिएको प्रक्रियाबमोजिम छात्रवृत्तिमा अध्ययन गर्न विद्यार्थी छनौटका लागि लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएको हुनुपर्ने छ ।

(ख) आर्थिक अवस्था कमजोर भएको व्यहोरा खुलाई स्थानीय निकायले सिफारिस गरेको हुनुपर्ने छ ।

**६.२.५ अन्य आवासिय विद्यालय**

(क) माथि उल्लेख गरिए बाहेक नेपाल सरकारले उपयुक्त र आवश्यक देखिएमा नेपालका अन्य स्थानहरुमा पनि आवासिय विद्यालय सञ्चालनमा ल्याउनेछ । छात्रावासमा बस्ने विद्यार्थीहरुको छात्रवृत्तिको हकमा थप कार्यविधि तयार भए सोही अनुसार र नभए यसै निर्देशिका अनुसार व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद - ७

## अनुगमनसम्बन्धी व्यवस्था

७.१ यस निर्देशिकाको बमोजिम छात्रवृत्ति व्यवस्थापन निर्देशक समितिले गर्ने अनुगमनका अतिरिक्त शिक्षा विभागले आवश्यकतानुसार केन्द्रीय तहबाट वा क्षेत्रीय शिक्षा निर्देशनालयमार्फत् निम्न लिखित विषयमा जिल्ला एवम् विद्यालय तहमा अनुगमन गराउन सक्ने छ :

(क) निर्धारित समयावधिभित्रै छात्रवृत्ति रकम निकासा र अख्तियारी जिल्ला तहमा पुगे नपुगेको तथा जिल्लाबाट विद्यालय तहमा पुगे नपुगेको ।

(ख) तोकिएबमोजिमका जिम्मेवारीहरु विद्यालय, स्रोतकेन्द्र तथा जिल्लास्तरीय संयन्त्रबाट सम्पादन भए नभएको ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

(ग) विद्यालय तहसम्म विभिन्न किसिमका छात्रवृत्ति वितरणका आधार एवम् प्रक्रिया सम्बन्धमा स्पष्टता भए नभएको तथा छात्रवृत्तिका लागि विद्यार्थी छनौट प्रक्रिया निष्पक्ष र पारदर्शी भए नभएको ।

(घ) छात्रवृत्ति पाएका विद्यार्थीको शैक्षिक उपलब्धिमा आएका परिवर्तन सम्बन्धमा विद्यालय तहमा व्यवस्थित अभिलेख राखे नराखेको ।

(ङ) आवश्यक देखिएका अन्य विषयहरु ।

७.२ जिल्लाका विद्यालयहरुमा छात्रवृत्ति वितरणसम्बन्धी समग्र पक्षको विशेष अनुगमन गर्न जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिले सो समितिको सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक, जिल्लास्थित सञ्चार माध्यमका प्रतिनिधि एकजना, जिल्लामा दलित, महिला, जनजातिका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाबाट एकजना र सम्बन्धित स्रोतव्यक्ति सदस्य रहेको एक उपसमिति गठन गरी निम्न विषयमा अनुगमनका लागि परिचालन गर्न सक्ने छ ।

(क) जिल्लामा समयमै बजेट निकासा र अख्तियारी प्राप्त भए नभएको ।

(ख) विभिन्न किसिमका छात्रवृत्तिको रकम निकासा गर्नका लागि जिल्ला शिक्षा कार्यालयमा विद्यालयगत विद्यार्थी विवरण अद्यावधिक भए नभएको ।

(ग) जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिबाट निर्धारित समयावधिभित्रै विद्यालयगत रुपमा कोटा निर्धारण गरी समयमै विद्यालयलाई निकासा गरी स्पष्ट जानकारी दिने गरे नगरेको ।

(घ) विद्यालयस्तरीय अनुगमन संयन्त्रबाट तोकिएअनुसार कार्य सञ्चालन भए नभएको तथा छात्रवृत्ति वितरणपश्चात् प्रगति प्रतिवेदन सम्बन्धित स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयमा निर्धारित समयावधिमा पठाउने गरे नगरेको ।

(ङ) विद्यालय तहमा छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौट तोकिएका आधार एवम् प्रक्रियाअनुसार हुने गरे नगरेको तथा छात्रवृत्तिबाट सम्बन्धित विद्यार्थीमा आउने परिवर्तनको अभिलेखीकरण विद्यालयमा भए नभएको ।

(च) छात्रवृत्ति सम्बन्धी आवश्यक देखिएका अन्य विषयहरु ।

७.३ विद्यालयको सामाजिक परीक्षण समितिले विद्यालयमा प्राप्त विभिन्न किसिमका छात्रवृत्तिहरु वितरणका सम्बन्धमा निम्नलिखित विषयमा अनुगमन गरी सम्बन्धित विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति समक्ष प्रतिवेदन पेस गर्ने छ :

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

(क) जिल्ला शिक्षा कार्यालयबाट विद्यार्थी सङ्ख्याअनुसारको छात्रवृत्ति वापतको रकम समयमा निकासा भए नभएको र उक्त निकासाको विद्यालयले अभिलेख राखे नराखेको ।

(ख) छात्रवृत्ति पाउने विद्यार्थीहरुको छनौट तोकिएको आधार एवम् प्रक्रिया बमोजिम गरे नगरेको ।

(ग) सार्वजनिक समारोहको आयोजना गरी सम्बन्धित अभिभावकलाई आमन्त्रण गरी विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिका पदाधिकारीहरु समेतको उपस्थितिमा छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाए नमिलाएको ।

(घ) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी/सम्बन्धित अभिभावकले छात्रवृत्ति वापत प्राप्त गरेको रकम विद्यार्थीका लागि अध्ययनसँग सम्बन्धित सामग्री (जस्तै : पोसाक, कापी, कलम आदि) व्यवस्थाका लागि खर्च गरे नगरेको ।

(ङ) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नियमितता, शैक्षिक उपलब्धि, अनुशासन आदि पक्षमा सकारात्मक परिवर्तन आए नआएको ।

(च) विद्यालयले छात्रवृत्ति वितरणको अभिलेख तोकिएको ढाँचा बमोजिम राख्ने गरे नगरेको, निर्धारित समयावधिभित्र तोकिएको ढाँचामा प्रतिवेदन सम्बन्धित स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा सम्प्रेषण गरे नगरेको ।

## परिच्छेद -८

## विविध

### ८.१ छात्रवृत्तिको रकम अन्य शीर्षकमा खर्च गर्न नहुने

विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि विभिन्न स्रोतबाट प्राप्त अनुदान अन्य कुनै प्रयोजनका लागि खर्च गर्न पाइने छैन । छात्रवृत्तिको रकम अन्य जुनसुकै प्रयोजनका लागि खर्च गरेमा रकमको दुरुपयोग गरेको मानिने छ । त्यसरी रकम दूरुपयोग गरेमा जिल्ला शिक्षा अधिकारीले उक्त रकम असूल गर्न लगाई पुनः छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । छात्रवृत्ति रकम दुरुपयोग गर्ने जिम्मेवार पदाधिकारीहरुलाई शिक्षा ऐन तथा नियमावली बमोजिम हदै सम्मको विभागीय कारर्वाही गरी सो को जानकारी क्षेत्रिय शिक्षा निर्देशनालयलाई गराउनु पर्नेछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

**८.२ छात्रवृत्तिको रकम तोकिए बमोजिम हुने** सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीकरुको लागि तोकिएको शीर्षकको छात्रवृत्तिको रकम शिक्षा विभागले तोके बमोजिम हुनेछ ।

**८.३ दोहोरो पर्ने गरी वितरण गर्न नहुने** छात्रवृत्ति दोहोरो पर्ने गरी वितरण गर्न पाइने छैन । दोहोरो पर्ने गरी वितरण गरेको पाइएमा सम्बन्धित प्रधानाध्यापकबाट उक्त रकम असुल उपर गरिने छ ।

तर विशेष किसिमको सहयोग आवश्यक पर्ने बालबालिका जस्तै : अपाङ्ग बालबालिका, छात्राबासमा बसी अध्ययन गर्नुपर्ने अवस्थाका बालबालिका, हिँड्न वा लेखपढ गर्न विशेष उपकरण आवश्यक पर्ने बालबालिका हकमा कुनै सङ्घ/संस्थाले सो प्रयोजनका लागि थप सहायता प्रदान गर्न यस बुँदाले बाधा पार्ने छैन ।

**८.४ छात्रवृत्ति पाउन योग्य उमेर**

नेपाल सरकार, शिक्षा मन्त्रालयबाट प्रदान गरिने छात्रवृत्तिको लागि तह तोकिएकोमा सोही अनुसार र उमेरको हद तोकिएकोमा शिक्षा ऐन तथा नियमावली अनुसार भर्ना हुदाँ तोकिएको अवधि भित्र तोकिएको उमेरको हद कायम रहे उक्त शैक्षिक सत्रको लागि छात्र/छात्रा छात्रवृत्ति पाउनको लागि योग्य मानिनेछन् ।

**८.५ प्रधानाध्यापक जवाफदेही हुने**

जिल्ला शिक्षा कार्यालयले निर्धारण गरेको समयावधिभित्र विद्यालयले तोकिएको विवरण सहित निर्धारित ढाँचामा छात्रवृत्ति माग नगरेका कारण निकासा नभएमा, छात्रावृत्ति वितरण नियमानुसार नगरेमा साथै छात्रवृत्ति वितरण गरेको १५ दिनभित्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा तोकिएको ढाँचामा प्रतिवेदन पेश नगरेमा सम्बन्धित प्रधानाध्यापक जवाफदेही हुने छ ।

**८.६ प्रभाव अनुगमन गर्ने**

छात्रवृत्तिबाट सम्बन्धित विद्यार्थीको नियमितता, सिकाइ उपलब्धि लगायतका विषयमा परेको प्रभावका सम्बन्धमा विद्यालयले नियमित रुपमा अभिलेख राखी सम्बन्धित स्रोतकेन्द्रमा वार्षिक रुपमा प्रतिवेदन सम्प्रेषण (Reporting) गर्नुपर्नेछ र स्रोतकेन्द्रले आवश्यकतानुसार जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्ने छ ।

**८.७ निर्देशिकाको अनुसूची संशोधन**

विभागले आवश्यक परेमा अनुसूचीमा आवश्यक हेरफेर र संशोधन गर्नसक्ने छ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**८.८ समितिको व्यवस्था** यो निर्देशिका संशोधनको लागि विभागको महानिर्देशकले तोकेको विभागको महाशाखाको निर्देशकको संयोजकत्वमा पाँच सदसिय समिति रहनेछ । उक्त समितिमा आवस्यकता अनुसार आमन्त्रित सदस्यहरु रहनेछन् ।

**८.९ कक्षा एघार को छात्रवृत्ति छनौट परीक्षा सम्बन्धमा** सामुदायिक तथा संस्थागत विद्यालयबाट कक्षा दसको परीक्षामा तोकिएको जिपिए प्राप्त गरी कक्षा एघारमा संस्थागत विद्यालयमा भर्ना भई अध्ययन गर्न चहाने विद्यार्थीहरुलाई छात्रवृत्तिको प्रयोजनको लागि विभागले सम्बन्धित विद्यालयको प्रतिनिधिमूलक समिति सँग सहकार्य गरी छात्रवृत्तिको कोटा निर्धारण गर्ने र तोकेको आधारमा विद्यार्थी छनौट गरी पठाउने व्यवस्था मिलाउनेछ । परीक्षाको प्रणाली सामान्यत लिखित नै हुनेछ ।

**८.१० संक्रमणकालिन व्यवस्था** निर्देशिकाको व्यवस्था कार्यान्वयनका लागि विभागले आवश्यकता अनुसार अन्य निकायहरु सँग समन्वय र सहकार्य गर्न सक्ने तथा भई रहेका छात्रवृत्तिहरुको पुनरावलोकन तथा समायोजन समेत गर्न सक्नेछ ।

**८.११ निर्देशिकाको व्यख्या** यो निर्देशिकाको कार्यान्वयनमा कुनै द्बिविधा भएका मन्त्रालयले गरेको व्यख्या अन्तिम हुनेछ ।

**८.१२ खारेजी र बचाउ**

८.१२.१ छात्रवृत्ति कार्यान्वयन निर्देशिका २०६८, खारेज गरिएको छ । उक्त निर्देशिका बमोजिम भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

८.१२.२ यस निर्देशिकामा उल्लेख भएका छात्रवृत्ति व्यवस्थापनसम्बन्धी विषयहरु अन्य निर्देशिका/ परिपत्रसँग बाझिएमा यो निर्देशिका बमोजिम हुनेछ ।

८.१२.३ यस निर्देशिकामा उल्लेख नभएका छात्रवृत्ति सम्बन्धी विषयहरुको हकमा निर्देशिकाको भावना प्रतिकुल नहुने गरी शिक्षा विभागले तत्काल कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेछ ।

अनुसूची -१

## नेपाल सरकारबाट दलित वर्गमा सूचीकृत जातजातिहरु :

**(क) पहाडे मूल**

१. गन्धर्व (गाइने)

२. परियार (दमाई, दर्जी, सुचीकार, नगर्ची, ढोली, हुड्के),

३. बादी

४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनरा, पार्की, टमटा)

५. सार्की, मिजार, चर्मकार, भूल

**(ख) मधेसी मूल**

६. कलर

७. ककैहिया

८. कोरी

९. खटिक

१०. खत्वे (मण्डल, खङ्ग)

११. चमार (राम, मोची, हरिजन, रविदास)

१२. चिडिमार

१३. डोम (मरिक)

१४. तत्मा (ताँती, दास)

१५. दुसाध (पासवान, हजरा)

१६. धोबी

१७. पत्थरकट्टा

१८. पासी

१९. वाँतर

२०. मुसहर

२१. मेस्तर (हलखोर)

२२. सरभङ्ग (सरवरिया)

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

## अनुसूची - २

**(क) नेपाल सरकारबाट जनजातिमा सूचिकृत जातजातिहरु :**

जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को अनुसूचीमा उल्लिखित तपसिल बमोजिमका जातिहरुलाई जनजातिको रुपमा लिइएको छ :

| | | |
|---|---|---|
| १.किसान | २.कुमाल | ३. कुशवादिया |
| ४. कुसुण्डा | ५. गनगाई | ६. गुरुङ |
| ७. चेपाङ् | ८. छन्त्याल | ९.घैरोतन |
| १०. जिरेल | ११. झाँगड | १२. डोल्मो |
| १३. ताङवे | १४. ताजपुरिया | १५. तामाङ्ग |
| १६. बनकरिया | १७. बरामो | १८.बाह्रगाउँले |
| १९.बोटे | २०.भुजेल | २१. भोटे |
| २२. मगर | २३. माझी | २४.मार्फाली थकाली |
| २५.मुगाली | २६.मेचे (बोडे) | २७.याक्खा |
| २८. राई | २९. राउटे | ३०.राजबंशी (कोच) |
| ३१.तिनगाउँले थकाली | ३२.ताप्केगोला | ३३. थकाली |
| ३४. थामी | ३५. थारु | ३६.सुदाम |
| ३७. दनुवार | ३८. दराई | ३९. दुरा |
| ४०. धानुक (राजबंशी) | ४१. धिमाल | ४२. नेवार |
| ४३. पहरी | ४४.फ्री | ४५. राझी |
| ४६. लार्के | ४७. लिम्बू | ४८. लेप्चा |
| ४९. ल्होपा | ५०. ल्होमीसिङसावा | ५१. बालुक्त |
| ५२. ब्याँसी | ५३. शेर्पा | ५४. सतार (सन्थाल) |
| ५५. सियार | ५६. सुनुवार | ५७. सुरेल |
| ५८. हायु | ५९. ह्योल्मो | |

**(ख) लोपोन्मुख तथा अति सीमान्तकृत जातजातिहरु :**

| | | | | | |
|---|---|---|---|---|---|
| १. बादी | २. मुसहर | ३. चेपाङ | ४. राउटे | ५. डोम | ६. दुसाद |
| ७. बनकरिया | ८. कुसुन्डा | ९. हायु | १०. किसान | ११. कुसवाडिया | १२. लेप्चा |

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाण्डौ, नेपाल

१३. मेचे १४. राजी १५. सुरेल १६. बरामु १७. बोटे १८.दनुवार

१९. धानुक २०. झाँगड २१. लोहमी २२. माझी २३. सतार (सन्थाल)

२४. सियार २५. थामी २६. थुडाम

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

अनुसूची -३

विभिन्न किसिमका छात्रवृत्तिहरुको विद्यमान दररेट

| क्र.सं. | छात्रवृत्तिको नाम | छात्रवृत्ति रकम |
|---|---|---|
| (क) गैर आवासिय छात्रवृत्ति : | | |
| १ | दलित छात्रवृत्ति | |
| २ | अपाङ्ग छात्रवृत्ति | |
| ३ | छात्रा छात्रवृत्ति | |
| ४ | माध्यमिक शिक्षा छात्रवृत्ति | |
| ५ | द्वन्द्व पीडित छात्रवृत्ति | |
| ६ | सहिदका छोराछोरीका लागि छात्रवृत्ति | |
| ७ | लोपोन्मुख/सीमान्तकृत छात्रवृत्ति | |
| ८ | संस्थागत विद्यालय द्वारा प्रदान गरिने छात्रवृत्ति | |
| ९ | रामनारायण मिश्र विशेष छात्रवृत्ति | |
| १० | **निम्न आय भएका दलित, चेपाङ र राउटे समुदायका वालवालिकालाई सामुदायिक विद्यालयको कक्षा एघार र बाह्रमा अध्ययनको लागि छात्रवृत्ति** | |
| ११ | विभिन्न दाताद्वारा प्रदान गरिने छात्रवृत्ति | |

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाण्डौं, नेपाल

| | | |
|---|---|---|
| १२ | मुक्त कमलरी छात्रवृत्ति | |
| **(ख) आवासिय छात्रवृत्ति :** | | |
| १ | अपाङ्ग छात्रवृत्ति | |
| २ | हिमाली आवासीय छात्रवृत्ति | |
| ३ | मुक्त कमलरी छात्रवृत्ति | |
| ४ | नमुना आवासीय छात्रवृत्ति | |
| ५ | फिडर छात्रावास | |
| **(ग) विद्यालय क्षेत्र विकास कार्यक्रमले लक्षित गरेको विपन्न लक्षित छात्रवृत्ति :** | | |
| १ | कक्षा ११ र १२ विज्ञान छात्रा छात्रवृत्ति | |
| २ | **कक्षा ९ देखि कक्षा १२ सम्मको विपन्न लक्षित छात्रवृत्ति** | |

**(छात्रवृत्ति रकम विद्यालय अनुदान निर्देशिका २०७४ अनुसार हुनेछ ।)**

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

अनुसूची - ४ फाराम नं. १

**विद्यालयले छात्रवृत्तिको अभिलेख राख्न प्रयोग गरिने फाराम**

जिल्ला : ....................................... स्रोतकेन्द्र : ..................................................................

विद्यालयको नाम र ठेगाना : ...........................................................................................................

छात्रवृत्ति वितरण गरिएको मिति : .......................................

| क्र.सं. | विद्यार्थीको नाम | लिङ्ग | कक्षा | छात्रवृत्तिको किसिम | रकम | रकम बुझ्नेको नाम | विद्यार्थीसँगको नाता | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

माथिको विवरण ठिक साँचो हो । विवरण फरक परेमा कानून बमोजिम सहुलाँ बुझाउला ।

...................

वि.व्य.स.अध्यक्ष

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

...........................

प्रधानाध्यापक

अनुसूची- ५

## सम्बन्धित विद्यालयले स्रोतकेन्द्रमा पठाउने विवरणको ढाँचा

जिल्ला : ........................................ स्रोतकेन्द्र : ....................................................................

विद्यालयको नाम र ठेगाना : ......................................................................................................

छात्रवृत्ति वितरण गरिएको मिति : ......................................

छात्रवृत्ति वितरण कार्यक्रमका उपस्थित विद्यालयस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिका पदाधिकारीहरु :

१. २.

३. ४.

५. ६.

छात्रवृत्ति कार्यक्रममा उपस्थित अभिभावक सङ्ख्या :

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | लिङ्ग | छात्रवृत्तिको किसिम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

...................... ..................

विवरण तयार गर्ने प्रधानाध्यापक

अनुसूची - ६

**सम्बन्धित स्रोतकेन्द्रले जिल्ला शिक्षा कार्यालयमा पठाउने विवरणको ढाँचा**

जिल्ला : ........................................ स्रोतकेन्द्र : ..................................................................

| क.सं. | विद्यालयको नाम | छात्रवृत्ति वितरण मिति | कार्यक्रममा उपस्थित अभिभावक सङ्ख्या | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | | | वितरित कुल रकम | छात्रवृत्तिको किसिम र वितरित कुल कोटा (स्रोतकेन्द्रको समग्र) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा | | |
| | | | | | | | | दलित - |
| | | | | | | | | अपाङ्ग - |
| | | | | | | | | छात्रा - |
| | | | | | | | | मुक्त कम्लहरी - |
| | | | | | | | | माध्यमिक शिक्षा - |
| | | | | | | | | द्वन्द्वपीडित - |
| | | | | | | | | सहिदका छोराछोरी - |
| | | | | | | | | लोपोन्मुख / अति सीमान्तकृत - |
| | | | | | | | | विज्ञान (उमावि) - |
| | | | | | | | | आवासीय - |
| | | | | | | | | अन्य दाताहरुबाट - |
| | | | | | | | | |

........................ ..................

विवरण तयार गर्ने स्रोतव्यक्ति

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची- ७

## जिल्ला शिक्षा कार्यालयले क्षेत्रीय शिक्षा निर्देशनालय तथा शिक्षा विभागमा पठाउनुपर्ने विवरणको ढाँचा

| क्र.सं. | स्रोतकेन्द्रको नाम | छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या | | | वितरित कुल रकम | छात्रवृत्तिको किसिम र बितरित कुल कोटा (जिल्लाको समग्र) |
|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | | |
| १ | | | | | | दलित - |
| २ | | | | | | अपाङ्ग - |
| ३ | | | | | | छात्रा - |
| ४ | | | | | | मुक्त कम्लहरी - |
| ५ | | | | | | माध्यमिक शिक्षा - |
| [illegible] | | | | | | द्वन्द्वपीडित - |
| ७ | | | | | | सहिदका छोराछोरी - |
| [illegible] | | | | | | लोपोन्मुख/अति सीमान्तकृत - |
| ९ | | | | | | विज्ञान (उमावि) - |
| ...... | | | | | | आवासीय - |
| ..... | | | | | | अन्य दाताहरुबाट - |
| ..... | | | | | | |
| ...... | | | | | | |
| ....... | | | | | | |
| ....... | | | | | | |
| [illegible] | | | | | | |
| ........ | | | | | | |
| ........ | | | | | | |

............... ................... ..................

तयार गर्ने रुजु गर्ने प्रमाणित गर्ने

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

अनुसूची– ८

<u>द्वन्द्वपीडित अपाङ्ग, बेपत्ता तथा मृतकका छोरा/छोरीहरूलाई छात्रवृत्ति प्रदान गर्न रकम मागको सिफारिस गर्दा प्रयोग गर्ने फारामको ढाँचा</u>

| सि.नं. | मृतकको नाम | मृतकका हकदारले आर्थिक सहायता पाएको मिति | मृतकको छोरा/छोरीको नामथर | उमेर (वर्ष) | कक्षा/तह | शिक्षण संस्थाको नाम | शिक्षण संस्थाको ठेगाना | सिफारिस गरिएको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

.................. विवरण तयार गर्ने

.................. रुजु गर्ने

.............................. प्रमाणित गर्ने

जिल्ला शिक्षा अधिकारी

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

**अनुसूची- ९**

**नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६९**

**द्वन्द्वपीडितहरुका लागि राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता**

**परिभाषा**

(क) द्वन्द्वको अवधि : यस कार्यविधिको प्रयोजनका लागि द्वन्द्वको अवधि भन्नाले २०५२ फागुन १ गतेदेखि विस्तृत शान्ति सम्झौता हुँदाको मिति अर्थात २०६३ मङ्सिर ५ गतेसम्मको अवधिलाई बुझ्नु पर्दछ ।

(ख) द्वन्द्वपीडित पक्ष : यस कार्यविधिको प्रयोजनका लागि द्वन्द्वपीडित भन्नाले द्वन्द्वको अवधिमा सोका कारणबाट मृत्यु भएका व्यक्तिका आश्रितहरु (पत्नी वा पति, छोराछोरी, बाबुआमा र सगोल परिवारका अन्य सदस्यहरु), द्वन्द्वको क्रममा अपाङ्ग, अङ्गभङ्ग वा घाइते भएका व्यक्तिहरु, द्वन्द्वका कारणबाट आफ्नो ठाउँ छोडी देशभित्रकै अन्य ठाउँमा आन्तरिक रुपमा विस्थापित भई बसेका व्यक्ति तथा परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका बेपत्ता नागरिक तथा तिनका परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुको अपहरणमा परेका व्यक्तिहरु र द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुद्वारा सम्पत्ति क्षति पुऱ्याएका व्यक्ति, परिवार तथा संस्थाहरुलाई बुझ्नु पर्छ ।

**१.२ मृतकका सन्ततिहरुलाई उपलब्ध गराइने छात्रवृत्ति :**

१.२.१ द्वन्द्वका अवधिमा सोका कारण मृत्यु भई राज्यका तर्फबाट निजका हकदारलाई राहत उपलब्ध गराइएको भएमा मृतकका बढीमा तिनजना सन्तानहरु (छोरा वा छोरी) लाई राज्यद्वारा निःशुल्क छात्रवृत्तिको व्यवस्था मिलाइने छ । द्वन्द्वका अवधिमा बेपत्ता भएका नागरिकका बढीमा तिन जना सन्तानहरु (छोरा वा छोरी) लाई समेत बेपत्ता अवधिभर यस्तो छात्रवृत्ति उपलब्ध गराइने छ ।

तर राज्यद्वारा यस प्रकारको निःशुल्क छात्रवृत्तिको व्यवस्था नभएसम्मका लागि मृतकका बढीमा तिन जनासम्म सन्तानलाई प्रत्येक वर्ष एकमुष्ट रुपमा दोहोरो नपर्ने गरी देहाय बमोजिम रकम छात्रवृत्ति स्वरुप प्रदान गरिने छ ।

| | |
|---|---|
| प्राथमिक विद्यालय तह | रु.१०,००० (दशहजार रुपियाँ मात्र) |
| निम्नमाध्यमिक | रु.१२,००० (बाह्र हजार रुपियाँ मात्र) |
| माध्यमिक विद्यालय तह | रु.१४,००० (चौध हजार रुपियाँ मात्र) |
| प्रमाणपत्र तह वा उच्च माध्यमिक तह | रु.१६,००० (सोह्र हजार रुपियाँ मात्र) |

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल

**१.२.२ उमेरको हदबन्दी :**

यस्तो छात्रवृत्ति १८ वर्ष उमेरसम्मका छात्र छात्रालाई मात्र उपलब्ध गराइने छ ।

**१.२.३ छात्रवृत्ति उपलब्ध हुने तरिका :**

क) छात्रवृत्तिको रकम शिक्षा मन्त्रालयले सम्बन्धित छात्र छात्रा अध्ययनरत जिल्लाको जिल्ला शिक्षा कार्यालयमार्फत प्रत्येक वर्ष उपलब्ध गराइने छ ।

ख) छात्रवृत्ति रकम एकमुष्ट रुपमा उपलब्ध हुने छ ।

ग) छात्रवृत्ति रकम विद्यालय वा विश्वविद्यालय का औपचारिक शिक्षा बाहेक अन्य कुनै प्रकारको तालिम वा प्रशिक्षणका लागि उपलब्ध हुने छैन ।

१.२.४ द्वन्द्वका कारण मृत्यु भएका र बेपत्ता पारिएका व्यक्तिका छोराछोरीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि देहायअनुसारको सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| ख) जिल्ला शिक्षा अधिकारी | - सदस्य |
| ग) स्थानीय शान्ति समितिका समितिका संयोजक वा निजले तोकेको समितिका सदस्य | - सदस्य |
| घ) स्थानीय शान्ति समितिका महिला सदस्य | - सदस्य |
| ङ) जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत | - सदस्य सचिव |

यस समितिले जिल्लामा द्वन्द्वका कारण मृत्यु भई राज्यका तर्फबाट निजका हकदारलाई राहत उपलब्ध गराई सकिएको भएमा निज मृतकका बढीमा तिनजना छोराछोरीलाई छात्रवृत्ति उपलब्ध गराउन सिफारिस गरी शिक्षा मन्त्रालयमा पठाउनु पर्नेछ । शिक्षा मन्त्रालयले सबै जिल्ला स्थित जिल्ला शिक्षा कार्यालयहरुमा मृतकका बालबालिकाहरुले छात्रवृत्ति वापत प्राप्त गर्ने रकम वार्षिक एकमुष्ट रुपमा निकासा पठाउने छ । जिल्ला शिक्षा कार्यालयले सम्बन्धित छात्रछात्रा वा निजका अभिभावकलाई उक्त छात्रवृत्ति उपलब्ध गराउने छ ।

यस प्रयोजनका लागि जिल्ला शिक्षा अधिकारीले जिल्ला प्रशासन कार्यालयबाट द्वन्द्वका कारण मृत्यु भई नजिकका हकदारलाई राहत उपलब्ध गराइएका मृतकको विवरण लिनुपर्नेछ । त्यसरी नै छात्रछात्राको नाता प्रमाणित, जन्म दर्ता र अध्ययनरत विद्यालयको सिफारिससमेत लिई माथि उल्लिखित समितिले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने हो वा होइन यकिन गरी सिफारिस गर्नुपर्ने छ ।

**१.२.५ छात्रवृत्तिका लागि रकम माग गर्दा जिल्ला शिक्षा अधिकारीले विचार गर्नुपर्ने विषयहरु :**

क) हरेक वर्ष असारमसान्तसम्ममा जिल्ला शिक्षा अधिकारीले निर्देशिकाको अनुसूचीअनुसार मृतकका सन्तान (छोरा/छोरी) हरुको छात्रवृत्ति रकम निकासाका लागि सिफारिससहित माग गरी पठाउनुपर्दछ । छात्रवृत्ति पाउने विद्यार्थी अन्य जिल्लाहरुमा अध्ययनरत भए ती विद्यार्थीहरुलाई प्रदान गर्नुपर्ने छात्रवृत्ति रकम पठाउनुपर्ने जिल्ला र विद्यार्थीको नाम तोकी पठाउनुपर्ने छ ।

ख) मृतकका हकदारले राहत प्राप्त गरेको विवरण जिल्ला प्रशासन कार्यालयबाट लिई सोही आधारमा मात्र रकम मागको सिफारिस गर्नुपर्ने छ ।

ग) छात्रवृत्तिका लागि रकम माग गर्दा छात्रछात्राले अध्ययनलाई निरन्तरता दिए नदिएको विषयमा अध्ययनरत शैक्षिक संस्थाबाट सिफारिस प्राप्त गरेर मात्र माग गर्नुपर्दछ । अघिल्लो वर्ष माग गरेका आधारमा माग गर्नु हुँदैन । यसै गरी तह दोहोऱ्याएको भए उक्त छात्रा वा छात्रका लागि छात्रवृत्ति माग गर्नु हुँदैन ।

घ) उमेरका लागि जन्मदर्ता प्रमाणपत्र वा नेपाली नागरिकताको प्रमाणपत्रलाई प्रमाणका रुपमा लिई सिफारिस गर्नुपर्दछ ।

ङ) जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति पाउने विद्यार्थीको जिल्लागत लगत राखी कुन व्यक्तिले कहिलेदेखि कहिलेसम्म सो रकम पाउने हो विवरण तयार गरी राख्नुपर्ने छ ।

च) सर्वसाधारण (सरकारी कोषबाट तलब सुविधा प्राप्त गर्ने व्यक्ति बाहेक) मृतकका छोराछोरी बाहेक अन्यका लागि छात्रवृत्ति रकमको निकासा माग गर्नुहुँदैन । मृतकका हकदारले प्रकरण १.१.१ अनुसार राहत पाए नपाएको यकिन गरी साथै यस अघि राहत पाउने निर्णय भएका मृतकका छोराछोरीका लागि मात्र छात्रवृत्ति रकमको निकासा माग गर्नुपर्दछ ।

**१.२.६** विदेशमा अध्ययन गर्ने छात्रछात्राको हकमा यस्तो छात्रवृत्ति उपलब्ध गराइने छैन ।

**१.२.७** यस प्रकरण बमोजिम उपलब्ध गराइने छात्रवृत्तिको व्यवस्था २०६५ साल बैशाख महिनादेखि लागु भएको छ । सो अवधिभन्दा अघि प्रक्रियामा रही भुक्तानी लिन बाँकी भएको हकमा द्वन्द्वपीडितहरुलाई राहत प्रदान गर्ने निर्देशिका २०६१ बमोजिम छात्रवृत्ति उपलब्ध गराइने छ ।

**१.२.८** द्वन्द्वका कारण अपाङ्ग भएका छात्रछात्राहरु र द्वन्द्वको समयमा अपाङ् भएका व्यक्तिका छोराछोरीलाई समेत प्रकरण १.२.१ बमोजिम छात्रवृत्ति उपलब्ध गराइनेछ । अपाङ्ग छात्रछात्राका लागि छात्रवृत्तिको सिफारिस गर्न निम्नानुसारको एक समिति रहने छ ।

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| ख) जिल्ला शिक्षा अधिकारी | - सदस्य |
| ग) जिल्ला प्रहरी कार्यालयका प्रमुख | - सदस्य |
| घ) जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख | - सदस्य |
| ङ) स्थानीय शान्ति समितिका समितिका संयोजक वा निजले तोकेको समितिका सदस्य | - सदस्य |

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल